सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर दैनिक विज्ञापन शाखा

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ९ ★ ने. सं. ११४६ शिल्ला थ्व, पूर्णिमा ★ आइतबार ★ १८ माघ, २०८२ ★ February 1, 2026, Sunday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# कानुन व्यवसायीको सेवा सत्य र न्यायको पक्षमा हुनुपर्ने




भक्तपुर, १७ माघ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे (रोहित) ले स्थापनाकालदेखि नै देश र कामदारवर्गका जनताको हितबाहेक नेमकिपाको अर्को कुनै ध्येय नभएको स्पष्ट पार्नुभएको छ ।

कानुन अध्ययन समाज नेपाल केन्द्रीय समितिको आयोजनामा शनिबार समाजको प्रकाशन 'न्यायदृष्टि' वर्ष १२ अङ्क ४ सार्वजनिकीकरण कार्यक्रममा उहाँले कुनै पनि कानुन व्यवसायीको सेवा वा व्यवसाय सत्य र न्यायको पक्षमा हुनुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा स्थापनाको परिस्थितिबारे चर्चा गर्दै अध्यक्ष रोहितले नेमकिपाको स्थापना तत्कालीन नेपाल कम्युनिस्ट पार्टीभित्र किसान र मजदुरहरूको वास्तविक हितको निम्ति सङ्घर्ष गर्न नचाहने, संशोधनवादी सिद्धान्त र नीतिको विरोध गर्न नसक्ने, पार्टीलाई दरबार बुझाउने र नेपाली काङ्ग्रेसको पिच्छलग्गू बनाउने र व्यावहारिक सङ्घर्षमा जानै नचाहने नेतृत्वविरुद्ध भएको हो भन्नुभयो ।

भदौ २३ र २४ का घटनापछि देशमा साम्राज्यवादी र विस्तारवादी चलखेल बढेको र देशको सार्वभौमिकता अझ बढी खतरामा परेको चर्चा गर्दै उहाँले जनता सचेत र सजग नभएसम्म सच्चा र देशभक्त मानिस निर्वाचनमा जितेर संसद्मा पुग्न नसक्ने बताउनुभयो ।

अध्यक्ष रोहितले जनतालाई सचेत पार्ने कार्यमा निराशा र थकान भन्ने कुरा हुन नहुने बताउँदै समाज क्रमश: परिवर्तनतिर अघि बढ्ने प्रस्ट पार्नुभयो ।

उहाँले पार्टीका नेता कार्यकर्ताहरूले निरन्तर अध्ययन र चिन्तनमनन गरिरहनुपर्ने र सही विचार र सदाचारको पक्षमा अडान लिनुपर्नेमा जोड दिनुभयो । नेपालमा समाजवाद वा कम्युनिस्ट समर्थक कार्यकर्ता र जनता धेरै भए पनि पार्टीका नेताहरूले गलत नीति अगाडि ल्याउँदा खबरदारी र विरोध गर्न नसकेको बताउनुभयो ।

पुँजीवादी संसद्मा कम्युनिस्टहरूले बहुमत ल्याउँदैमा देशमा समाजवाद नआउने स्पष्ट पार्दै अध्यक्ष रोहितले जनतालाई समाजवाद र साम्यवाद प्राप्तिको सङ्घर्षका निम्ति सङ्गठित पार्न जरुरी छ भन्नुभयो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि सरकारमा गएका शासक दलहरूले संसद्लाई पैसा कमाउने थलोको रूपमा परिणत गर्न खोजेकाले देशमा आजको जटिल परिस्थिति आएको हो भन्दै उहाँले ती पार्टीका बदमासी र भ्रष्टाचारबारे सचेत समुदायले जनतालाई जानकारी दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं प्राध्यापक समाज नेपालका अध्यक्ष सरोजराज गोसाईले राजनीतिले नै कानुन बनाउने हुनाले राजनीति सही भएमा मात्र कानुन पनि सही हुन सक्ने र जनताले न्याय पाउन सक्ने बताउनुभयो ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुन:स्थापनायताका सरकारहरूले लिएको नवउदारवादी नीतिका कारण देशको उद्योगधन्धा र कलकारखाना मात्र नभई शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत ठुलो नकारात्मक प्रभाव परेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले हरेक पेसा व्यवसायका नागरिकहरूले कानुनको अध्ययन गर्न आवश्यक भएजस्तै कानुन व्यवसायीहरूले पनि विभिन्न राजनीतिशास्त्र, समाजशास्त्र र साहित्यलगायत विषयको गहन अध्ययन गर्न जरुरी रहेको बताउनुभयो ।

उहाँले अहिले हुन लागेको संसदीय निर्वाचनको प्रचारप्रसारमा पुँजीवादी दलका नेताहरूले गरिरहेको प्रचार देख्दा


***बाँकी पृष्ठ ८ मा***


# आर्थिक अनुशासन र पारदर्शिताले जनताको विश्वास बढ्ने




भक्तपुर, १७ माघ । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को आर्थिक वर्ष २०८२/०८३ को अर्धवार्षिक समीक्षा शनिबार एक समारोहबिच भयो ।

समूह विभाजन गरी कानुनी प्रक्रिया, निर्देशन पालना र कार्यान्वयनको विश्लेषण, वित्तीय अवस्थाको विश्लेषण, प्रशासनिक तथा व्यवस्थापकीय भूमिकाको विश्लेषण र सामाजिक दायित्वको विषयमा विश्लेषण गरिएको सो कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आर्थिक अनुशासन र पारदर्शिताले जनताको विश्वास बढ्ने र यसले ऊर्जा थपी कार्यमा गति दिने विचार व्यक्त गर्नुभयो ।

पुँजीवादी देशमा १० वर्षको एकचोटि आर्थिक सङ्कटको सामनासँगै राजनीतिक आन्दोलन पनि भइरहेको औँल्याउँदै उहाँले थोरै मान्छेसँग देशको धेरै सम्पत्ति हुँदा पुँजी परिचालन नभएर आर्थिक सङ्कट देखापर्छ भन्नुभयो ।

कानुनको पालना गर्दै कानुनले अप्ठेरो पारेका ऐन र नियमको पनि विरोध गर्दै जानुपर्ने स्पष्ट पार्दै उहाँले सामन्त र पुँजीपतिवर्गले आफ्नो स्वार्थ पूरा गर्न ऐन कानुन बनाउने गरेको चर्चा गर्नुभयो ।

कुनै पनि संस्था सङ्ख्या र पुँजीभन्दा सहकारी सिद्धान्तअनुसार समुदायको हितमा चलिरहेको छ कि छैन भन्ने बुझ्नुपर्नेमा जोड दिँदै उहाँले संस्थाले आर्थिक लेनदेनमात्र होइन उत्पादनमा वृद्धि गरेर जनतालाई राहत दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

युवाहरूलाई रोजगारी पाउने सीपमूलक तालिम दिएमा विदेश जाने सङ्ख्या घट्ने उल्लेख गर्दै नगर प्रमुख प्रजापतिले योग्य, दक्ष बनाउन तालिम दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जग्गा कारोबार भएको सङ्घ संस्थामा जग्गा किनबेचमा समस्या आउनेबित्तिकै संस्था सङ्कटमा परेको उल्लेख गर्दै उहाँले शासक दलका जिम्मेवार नेताहरूले जनताको


***बाँकी पृष्ठ २ मा***



हार्दिक धन्यवाद



विष्णुभक्त लाखेमरू



कान्छी लाखेमरू

यस भजन मण्डलका सदस्य भनपा-८, जँला निवासी **श्री विष्णुभक्त लाखेमरूज्यू** र **श्रीमती कान्छी लाखेमरूज्यूले** यस भजनको सु-सञ्चालनको निम्ति रु. १०३०००।-(एक लाख तीन हजार) को अक्षयकोष प्रदान गर्नुभएकोले उहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै उहाँहरूको आरोग्य र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौँ ।

**दत्तात्रय नवदाफा भजन मण्डल परिवार**

तचपाल, भक्तपुर


# युवा, विद्यार्थी तथा खेलाडी भेला



भक्तपुर, १७ माघ । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा शनिबार युवा, विद्यार्थी तथा खेलाडी भेला सम्पन्न भयो ।

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले ठुला राजनीतिक दलका केन्द्रीय सदस्यहरू विदेशीको पैसा खाएर विदेशीको हितको लागि काम गरिरहेको बताउनुभयो ।

उहाँले शासक दलहरूले दरबारको गुप्तचरमा मान्छे पठाउने काम गरेको बताउँदै प्यालेस्टिनमा अमेरिकाले आक्रमण गर्दा ८० प्रतिशत क्षति भए तापनि आत्मसमर्पण नगरी देशभक्ति प्रदर्शन गरेको चर्चा गर्नुभयो।

अमेरिकाले हतियारको व्यापार गरे तापनि सफल नभएको चर्चा गर्दै अमेरिका बलियो बनाउन राष्ट्रपति ट्रमले विभिन्न देशहरूमाथि कब्जा गर्न आक्रमण गरिरहेको बताउनुभयो ।

उहाँले विदेशीको पुरस्कार र सम्मान राष्ट्रघाती हुने बताउँदै विदेशीको योजनाअनुसार जेन-जी आन्दोलन र मन्त्रीमण्डल बनेको बताउनुभयो ।


***बाँकी पृष्ठ ८ मा***



**हिउँमा मनोरञ्जन लिँदै पर्यटक**

रुकुम पूर्व, रोल्पा र बागलुङ सिमाना पातिहाल्ना क्षेत्रमा परेको हिउँमा मनोरञ्जन लिँदै आन्तरिक पर्यटक । *तस्बिरः सर्जना कार्की/रासस*

# देश विकास गर्न आत्मनिर्भर बनाउनुपर्ने

दैलेख, १७ माघ । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी वडा नं ३ समितिको आयोजनामा नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा बिन्द्रासैनी नगरपालिकाको हाडाकोटमा कार्यकर्ता भेला भयो ।

उक्त भेलामा नेमकिपाका केन्द्रीय सदस्य तथा दैलेख क्षेत्र नं. २ का उम्मेदवार बखत थापाले कामदारवर्गका जनता राजनैतिक हिसाबले सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औँल्याउँदै सचेत र सङ्गठित जनताले मात्र देशको परिवर्तन गर्नसक्छ भन्नुभयो । देशको विकास गर्न देशलाई आत्मनिर्भर बनाउनुपर्ने चर्चा गर्दै उहाँले समाजवादी व्यवस्था स्थापना गर्न लाग्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश समिति सदस्य निरकबहादुर शाहीले तल्लो वर्गका जनताको राज्य स्थापना गर्न नेमकिपाको स्थापना भएको चर्चा गर्दै पुँजीवादी व्यवस्थामा गरिबको निम्ति न्याय आकाशको फलजस्तै हुनेछ भन्नुभयो ।

कम्युनिस्ट दर्शन अध्ययन गरी जनतासामु जानुपर्ने उल्लेख गर्दै उहाँले नेपाली जनता भ्रममा पर्न हुँदैन भन्नुभयो ।

नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले नेमकिपाले योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गर्न आवाज उठाइरहेको चर्चा गर्दै स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्छ भन्नुभयो ।

भेलामा चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ३ का निर्वाचित वडाध्यक्ष दीपबहादुर शाही, निर्वाचित सदस्य कल्पना थापा मगरले पनि स्थापना दिवसको विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

भेला नेमकिपा वडा नं. ३ का वडा समिति अध्यक्ष मनबहादुर विकको अध्यक्षतामा भएको थियो ।

# जनता चर्को भाषण र आश्वासनमा भुल्न नहुने

बुटवल, १७ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा शनिबार भैरहवामा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी रुपन्देहीका अध्यक्ष हरिसुन्दर बासीले २०३१ साल माघ १० गते पार्टी स्थापना भएदेखि नेमकिपाले व्यापक कामदार जनतालाई सचेत र सङ्गठित पार्ने काम गरिरहेको बताउनुभयो ।

चर्को चर्को बोलेर जनतालाई आकर्षित गर्ने र आश्वासनलाई आलोचनात्मक रूपमा विचार नगरी कुद्ने असचेत जनताको कारण नेपाल र नेपाली जनताले दुःख पाइरहेको चर्चा गर्दै अध्यक्ष बासीले कामदारवर्गको नेतृत्वमा सरकार हुने जनताको प्रजातन्त्र स्थापना गर्न नसकेसम्म नेपाली जनताले दुःखबाट मुक्ति नपाउने स्पष्ट पार्नुभयो ।

नयाँ र पुराना शासक दलहरूले आ-आफू प्रधानमन्त्री बन्ने दाबी गरिरहेको बेला नेमकिपाले पहिलाजस्तै प्रखर प्रतिपक्षमा बसेर देश र जनताको सेवा गर्ने उद्घोष गर्दा नेपाली राजनीतिक डबलीमा तरङ्ग उत्पन्न भएको उल्लेख गर्दै उहाँले जनतालाई झुक्याएर धेरै दिन शासन गर्न सक्दैन भन्नुभयो ।

नेक्रायुसङ्घका केन्द्रीय सदस्य एवम् रुपन्देही क्षेत्र नं. १ का उम्मेदवार हिमलाल पाण्डे, नेक्राविसङ्घका पूर्वकेन्द्रीय सदस्य एवम् रुपन्देही क्षेत्र नं. ३ का उम्मेदवार सुग्रीम चाई, नेक्रामसङ्घका रुपन्देही अध्यक्ष सुशीला पौडेल र कला ज्ञामीलगायतले नेमकिपाको विधानबारेमा चर्चा गर्नुभयो ।

# युवाहरू राजनीतिक रूपमा सचेत हुन आवश्यक

भक्तपुर, १७ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ साबिक ५ एकाइ समितिले युवा भेला गऱ्यो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य उकेश कवांले युवाहरू देशका उत्तराधिकारी भएकाले राजनीतिक रूपमा शिक्षित र सचेत हुन आवश्यक छ भन्नुभयो ।

उहाँले युवा पुस्तालाई पुँजीवादी दलहरूले राजनीतिक वितृष्णा फैलाउन भूमिका खेलेको र पद, पैसा र लोभलालच देखाएर मतिभ्रष्ट बनाइरहेको बताउनुभयो ।

उहाँले पार्टीले आफ्नो स्थापनाकालदेखि देश र जनताको सेवाबाहेक जनतालाई नोक्सान हुने काम नगरेको बताउनुभयो ।

कार्यक्रममा प्राध्यापक समाजका केन्द्रीय सदस्य राजुभाइ त्यातले युवाहरू क्रियाशील हुनसके जीवनमा पछुटाउन नपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ साबिक ५ एकाइ समितिका अध्यक्ष राजु बजिक्वंको सभापतित्वमा भएको कार्यक्रममा गणेश श्रेष्ठ र सुमिन सितिखुले पनि बोल्नुभएको थियो ।

# राजनीतिक अस्थिरता निम्त्याउनेहरूदेखि सचेत हुन जरुरी

भक्तपुर, १७ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा भनपा ६ को आयोजनामा कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सरकारमा गएका पार्टीहरूले जनताको भावनाअनुसार काम नगरेकाले युवा वर्गमा राजनैतिक वितृष्णा भएको र प्रतिक्रियावादीहरूको चलखेल बढेको बताउनुभयो ।

उहाँले नेपालमा अमेरिकी साम्राज्यवादले चीन र भारतलाई आफ्नो अनुकूल बनाउन र प्राकृतिक स्रोत र साधन कब्जा गर्न युवाहरूको भावनालाई उपयोग गरी राजनीतिक अस्थिरता ल्याउने गतिविधि बढाइरहेको बताउनुभयो ।

नेमकिपा नगर समितिका उपाध्यक्ष लक्ष्मीभक्त लासिवाले नेमकिपा स्थापनाको सैद्धान्तिक आधारहरूबारे बताउँदै पार्टीको उद्देश्य देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हो भन्नुभयो ।

कार्यक्रममा सिद्धिराम अवाल र गणेश श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# किसानहरू सचेत र सङ्गठित हुनुपर्ने

सुर्खेत, १७ माघ । नेपाल क्रान्तिकारी किसान सङ्घ लेकबेसी नगर समितिको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेक्राकिसङ्घका केन्द्रीय सदस्य प्रेम थापाले सरकारमा गएका शासक दलहरूले किसानहरूको हक अधिकार सुनिश्चित नगरेकाले नेमकिपाले सदन र सडकमा बुलन्द आवाज उठाउँदै आएको तर्क राख्नुभयो । नेक्राकिसङ्घका गजबहादुर दर्लामीले सबै किसानहरू सचेत भई नेमकिपामा सङ्गठित भई लाग्नुपर्ने कुरा राख्नुभयो । देवबहादुर घर्तीको अध्यक्षतामा भएको कार्यक्रममा मानसिंहले पनि बोल्नुभएको थियो ।

# एकदिने हर्पिक, फिनाइल र पिताम्बरी बनाउने तालिम

भक्तपुर, १७ माघ । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को लघुवित्त तथा बचत समूह परिचालन उपसमितिको आयोजनामा एकदिने हर्पिक, फिनाइल र पिताम्बरी बनाउने तालिम तौडोल सामुदायिक भवन, सिपाडोलमा सम्पन्न भयो ।

तालिमको समापन कार्यक्रममा संस्थाका अध्यक्ष रूद्रनारायण लाखाले संस्थाले २०६८ सालदेखि नै भक्तपुर जिल्लालाई कार्यक्षेत्र बनाई कार्य गर्दै आएको जानकारी दिनुभयो ।

तालिमबाट सिकेको सीपको सदुपयोग गरी उद्यमी बन्न सके तालिमको उपादेयता अझ बढ्ने धारणा राख्दै उहाँले तालिमबाट प्राप्त ज्ञान प्रमाणपत्रमा मात्र सीमित राख्न नहुने बताउनुभयो ।

कार्यक्रमका सभापति, संस्थाका सञ्चालक सदस्य एवं उपसमितिका संयोजक रत्नश्वरी चवालले संस्थाको लघुवित्त बचत समूहहरू डोलेश्वर महिला बचत समूह र पञ्चकन्या महिला बचत समूहका सदस्यहरूको सुझावअनुसार तालिम आयोजना गरिएको बताउनुभयो ।


तालिममा सिकेको सीपलाई सामूहिक पहलमा वस्तु उत्पादन गरी व्यवसाय गर्न सुझाव दिँदै उहाँले व्यवसाय गर्न नसके घरायसी प्रयोगको लागि भए पनि सीप सदुपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रशिक्षक नारायणभक्त भेलेले हर्पिक, फिनाइल र पिताम्बरीजस्ता वस्तु अति आवश्यक वस्तुहरूको रूपमा लिन सकिने बताउँदै ती वस्तुहरूको बजारमा व्यवसायिक अवसरहरू धेरै रहेको उल्लेख गर्नुभयो । उहाँले यी वस्तुहरू न्यून पुँजीमा पनि उत्पादन गर्न सकिने हुनाले नाफाको प्रतिशत पनि धेरै रहने र गुणस्तरीय उत्पादन गर्दा बजारमा उपलब्ध आयातीत वस्तुहरूसँग प्रतिस्पर्धा गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा संस्थाका वित्त तथा प्रशासन अधिकृत चन्द्रप्रसाद दुमरूले पुस मसान्तसम्ममा संस्थाको शेयर पुँजी २५ करोड ६४ लाख १८ हजार, जगेडा कोष २७ करोड ५८ लाख ९० हजार, अन्य कोषहरू १ करोड ७ लाख २६ हजार, कुल बचत २ अर्ब ७४ करोड ५२ लाख ९ हजार, कूल ऋण लगानी १ अर्ब ८९ करोड ७८ लाख ९९ हजार, तरल लगानी १ अर्ब ७ करोड, तरलता ५२ करोड १३ लाख ९० हजार र कूल सम्पत्ति ३ अर्ब ४१ करोड १४ लाख २४ हजार रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा संस्थाका कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजु, डोलेश्वर महिला बचत समूहका सदस्य राधिका सञ्जेल र पञ्चकन्या महिला बचत समूहका सदस्य चण्डीका थापाले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म १९९७।०५।०६ — निधन २०८२।१०।१३

यस समूहका हितैषी तथा अनन्य मित्र रामकृष्ण लवाङकी पूजनीय माता **मङ्गलमाया लवाङ**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**लिबाली युवा सेवा समूह**

रामसुन्दर कोजु
सत्यराम कर्माचार्य
विकास फैजु
सुमन लैबा
हरिनारायण कर्माचार्य
सानुकान्छा लाखा
शिवराम दुवाल
आशराम लाखा
शनिस कर्माचार्य
विष्णुप्रसाद कोजु
धर्मराज गोसाई
आसकाजी लाखा
हरिसुन्दर लवाङ
रामचन्द्र खायमली
सुमन बाग
राजकुमार कर्माचार्य
राजु प्रजापति
लक्ष्मीसुन्दर प्रजापति
इन्द्रबहादुर ह्योंगोजु
दयाराम बेकोजु
विक्रम ह्योंगोजु
गोरी कोजु


***आर्थिक...***

आवश्यकता सम्बोधन नगर्दा देशमा एकपछि अर्को काण्ड थप्दै गएको कारण युवाहरू आक्रोशित भएको हो भन्नुभयो ।

सरकारले बीमा सेवाबापतको रकमसमेत दिन नसकेको चर्चा गर्दै उहाँले राज्यले गर्नुपर्ने काम नगरी गर्न नहुने काम गर्दा देश ऋणमा डुबेको हो; व्यापार घाटामा गएको हो भन्नुभयो ।

राज्यलाई असफल पार्न षड्यन्त्रकारीहरूले न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामा धावा बोल्ने गरेको उल्लेख गर्दै उहाँले साम्राज्यवादीहरू अरु देशमा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था परिचालन गरेर उपद्रो गर्ने, अराजक र उच्छृङ्खल गतिविधि गर्न लागिरहेको बताउनुभयो ।

सिद्धान्तहीन र विचारविहीन व्यक्तिको नेतृत्वमा देश परे युक्रेनजस्तै देश भताभुङ्ग हुने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

सहकारी संस्थाका सल्लाहकार रत्नप्रसाद प्रजापतिले सामुदायिक सेवा र भावनाभन्दा व्यक्तिगत स्वार्थमा लागेकै कारण सहकारी संस्था सञ्चालन र सेवा प्रवाहमा बाधा पुगेको उल्लेख गर्दै स्वच्छ भावना र इमानदारीपूर्वक काम गरेकै कारण भक्तपुर बचत अहिलेको स्थितिमा पुगेको हो भन्नुभयो ।

राज्यको अदूरदर्शी निर्देशन र निर्णयको कारण राम्ररी चलेका सहकारी संस्था पनि समस्यामा परेको उल्लेख गर्दै उहाँले झूटको राजनीतिको विरोध गर्नु आवश्यक छ भन्नुभयो ।

संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद कुसीले सरकारी नियन्त्रण र निर्देशनमा बस्दा सहकारी चल्ने हो कि होइन भन्ने स्थितिमा पुगेको उल्लेख गर्दै राष्ट्रकै एक खम्बे मानेको सहकारी संस्था सरकारले नीति निर्देशनले सङ्कटको स्थितिमा पुगेको बताउनुभयो ।

संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति निर्मला प्रजापतिले संस्थाले आर्थिक कारोबारका साथै सामाजिक दायित्व पनि निर्वाह गर्दै आएको बताउनुभयो ।

पैसा सङ्कलन गरेर लगानी गर्न सकेन भने सहकारी संस्थामा तरलता बढिरहेको उल्लेख गर्दै उहाँले व्यापार व्यवसाय नचलेको कारण ऋणीहरूको भाखा नाघ्ने र ब्याज नउठ्ने सम्भावना बढिरहेको बताउनुभयो ।

कार्यक्रममा सचिव जगन्नाथ प्रजापतिले आ.व. २०८२/८३ को अर्धवार्षिक प्रतिवेदन, कोषाध्यक्ष रामप्रसाद प्रजापतिले आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक जितेन्द्र ज्याख्वले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

संस्थाका प्रबन्धक सत्यनारायण साँय्जुले अर्धवार्षिक समीक्षाको आवश्यकताबारे प्रकाश पार्नुभयो ।

गत पुस मसान्तसम्ममा उक्त संस्थाको कुल बचत रु. ३,७३,९०,१५,७५५।१४ रहेको छ । संस्थाले पुस मसान्तमा २,८७,५१,२५,५६३।- रुपैयाँ ऋण लगानी गरेको छ । पुससम्ममा संस्थामा ९०३१ जना सदस्य रहेका छन् ।

## सङ्क्षिप्त समाचार

# वीरगञ्जबाट विद्युतीय सवारीसाधनको आयातमा वृद्धि

वीरगञ्ज (पर्सा), १७ माघ । चालु आर्थिक वर्षको पहिलो छ महिनामा वीरगञ्जबाट रू. एक अर्ब ३६ करोड २९ लाख मूल्य बराबरका ४५६ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् ।

गत आवको छ महिनाको तुलनामा चालु आवमा सङ्ख्याको आधारमा विद्युतीय सवारीसाधनको आयात ३३२ ले बढेको छ । चालु आवको छ महिनामा विद्युतीय सवारीसाधनको आयातबाट मात्रै रू. ८७ करोड ८४ लाख राजस्व सङ्कलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षमा यो नाका हुँदै विद्युतीय सवारीसाधनको आयात बढेसँगै राजस्व सङ्कलन पनि बढेको बताउनुभयो ।

गत आवको छ महिनामा भने रू. ३० करोड २६ लाख मूल्यका १२४ विद्युत्बाट चल्ने जीप, कार र भ्यान आयात भएको थियो । ती सवारीसाधनको आयातबाट रू. २४ करोड २९ लाख राजस्व सङ्कलन भएको थियो । वीरगञ्ज नाका हुँदै चालु आवको छ महिनामा रु. ९३ करोड मूल्यका इन्धनबाट चल्ने ४३४ जिप, कार र भ्यान आयात भएको छ ।

ती सवारीसाधनको आयात हुँदा दुई अर्ब ५६ करोड राजस्व सङ्कलन भएको छ । गत आवको छ महिनामा भने रू. एक अर्ब १७ करोड मूल्यका ५९२ इन्धनबाट चल्ने जिप कार र भ्यान आयात भएका थिए । गत आवको छ महिनामा ती सवारीसाधनको आयातबाट रू. तीन अर्ब नौ करोड राजस्व सङ्कलन भएको थियो ।

# नमुना मतपत्र सार्वजनिक काठमाडौँको सबैभन्दा ठुलो

काठमाडौं, १७ माघ । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्ला र निर्वाचन क्षेत्रको मतपत्रको नमूना सार्वजनिक गरेको छ ।

आयोगले सातवटै प्रदेशका क्षेत्रको मतपत्रको नमुना सार्वजनिक गरेको हो । त्यसमा एउटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको एक प्रकारको र एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको बेग्लै मतपत्रको नमुनासमेत सार्वजनिक गरेको छ । नमुना मतपत्र मतदाता शिक्षाका लागि प्रयोग हुनेछ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार उम्मेदवारको सङ्ख्याका आधारमा पनि मतपत्रको नमुना तयार पारिएको छ । उम्मेदवार धेरै भएका निर्वाचन क्षेत्रका मतपत्रको आकार तुलनात्मक रूपमा ठूलो र कम उम्मेदवार भएका निर्वाचन क्षेत्रमा सानो मतपत्र छापिएको छ ।

एउटा मात्र निर्वाचन क्षेत्र भएका कर्णाली प्रदेशका सल्ल्यान, डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट र रुकुमपश्चिममा तथा दैलेख र सुर्खेतमा दुईवटा निर्वाचन क्षेत्र छन् । ती जिल्लाको मतपत्रको नमूना पनि आयोगले सार्वजनिक गरेको छ । यसैगरी, सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेलधुरामा एउटा मात्र निर्वाचन क्षेत्र कायम छन् । अछाममा दुई, कञ्चनपुरमा तीन र कैलालीमा पाँच निर्वाचन क्षेत्र छन् । ती सबै निर्वाचन क्षेत्रको मतपत्रको नमूना पनि आयोगले सार्वजनिक गरेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्रको छपाइ भइसकेको छ । रासस

# सम्बन्ध विच्छेदका कारण बालश्रमको बढ्दै

भोजपुर, १७ माघ । सम्बन्ध विच्छेदका घटनाले बालबालिकाको जीवनमा असर पार्न थालेको छ । पारिवारिक विखण्डनसँगै अभिभावकको संरक्षण, माया-ममताबाट वञ्चित बालबालिका श्रममा धकेलिन थालेका छन् ।

वैवाहिक सम्बन्ध टुट्ने क्रम बढ्दै जाँदा धेरै बालबालिका विद्यालय छोडेर रोजगारीमा लाग्न बाध्य भएका छन् । आमा-बुबाको सम्बन्ध विच्छेद सिर्जित आर्थिक अभाव, भावनात्मक अस्थिरता तथा अभिभावकत्वको कमीका कारण उनीहरू घरेलु काम, होटल, सवारीसाधन मर्मत गर्ने ग्यारेज, कृषि तथा साना उद्योगमा श्रम गर्न विवश भेटिन्छन् ।

साल्पासिलिछो गाउँपालिकाका एक १६ वर्षीय बालक खेतबारी जोत्नेदेखि अर्मपर्म तथा ज्यालादारी काम गर्दछन् । पारिवारिक बेमेलका कारण घरखर्च धान्न बाध्य भएर अरूको खेतबारीमा काम गर्नुपरेको बालकको भनाइ छ । स्थानीय सामाजिक अभियन्ताहरूका अनुसार सम्बन्ध विच्छेदपछि आमाबुबामध्ये एक जना रोजगारीका लागि बाहिरिनु, अर्कोले पर्याप्त आम्दानी गर्न नसक्नु तथा पारिवारिक जिम्मेवारी कमजोर हुनु बालश्रम बढ्नुका मुख्य कारण बनेका छन् । अभिभावकको निगरानी र सहाराको अभावमा बालबालिका पढाइभन्दा श्रमतर्फ उन्मुख हुने गरेको उनीहरूको भनाइ छ ।

सम्बन्ध विच्छेदपछि बालबालिकाको संरक्षण, शिक्षा र मानसिक स्वास्थ्यमा राज्य तथा स्थानीय तहले विशेष ध्यान दिनुपर्ने देखिएको छ । अभियन्ता सम्झना प्रधानका अनुसार बुबा-आमाको सम्बन्ध विच्छेदपछि पर्ने मनोवैज्ञानिक असरले बालबालिकाले पढाइ छाड्ने, आफन्तकहाँ गएर बस्ने तथा विभिन्न खालका काममा संलग्न हुने गतिविधि बढ्दै गएको छ ।

पारिवारिक बेमेलले बालबालिकालाई श्रममा धकेल्ने अवस्था सिर्जना हुने उहाँको भनाइ छ । बालश्रम न्यूनीकरणका लागि परिवार परामर्श सेवा, अभिभावक सचेतना, विद्यालयमा पुनः भर्ना कार्यक्रम तथा सामाजिक सुरक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने सरोकारवालाहरूले बताएका छन् ।

सम्बन्ध विच्छेदको सामाजिक यथार्थसँगै त्यसबाट उत्पन्न बालश्रमको समस्यालाई समयमै सम्बोधन नगरे भविष्यमा अशिक्षा, गरिबी र सामाजिक विकृतिको चक्र अझै गहिरिने सरोकारवालाहरूको चिन्ता छ ।



**पुनर्निर्माण भइरहेको साततले दरबार**

चीन सरकारको सहयोगमा पुनर्निर्माण भइरहेको नुवाकोटको विदुर नगरपालिका-२ मा अवस्थित साततले दरबार । उक्त दरबार विसं. १८०१ असोज १५ मा निर्माण गरिएको हो । विसं.२०७२ को 'गोरखा भूकम्प' ले क्षतिग्रस्त बनाएको साततले दरबारको जोखिम रहेको चारतला हटाई बाँकी तीन तलाबाट पुनर्निर्माण थालिएको छ । *तस्बिर : रामहरि न्यौपाने/रासस*

# प्रतिनिधिसभा सदस्य निर्वाचनः मिथ्या र भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिनेको निगरानी सुरु

काठमाडौँ, १७ माघ । निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनेगरी मिथ्या र भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्न र गैरकानुनी कार्य गर्ने व्यक्ति तथा संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानुनको दायरामा ल्याउन लागिएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगमा स्थापना गरिएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत सूचना सदाचार प्रवर्द्धन एकाइले यस विषयमा काम गरिरहेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो । एकाइले पत्ता लगाएका कूल ३०२ वटा हानिकारक सूचना निर्वाचन आचारसंहिता, २०८२, विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ र प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको पनि उहाँले बताउनुभयो ।

आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय रूपमा सम्पन्न गर्न आयोगबाट निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत भई लागू भएको छ । माघ ४ गते राति १२:०० बजेदेखि लागू भएको आचारसंहिता उल्लङ्घनका घटनामा तोकिएका निकायले उजुरी तथा जानकारी लिने र उल्लङ्घनमा संलग्न भएका भनिएका राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, निकाय र पदाधिकारीसँग आवश्यक स्पष्टीकरण लिने कार्यसमेत भइरहेको छ ।

यस अवधिमा सरकारी निकाय, राजनीतिक दल, उम्मेदवार, आममतदाता, सञ्चारकर्मीलगायत सबै क्षेत्रबाट आचारसंहिता पालनामा देखाएको अग्रसरताका लागि निर्वाचन आयोग धन्यवाद ज्ञापन गरेको छ । निर्वाचन अवधिभर आचारसंहिताको पूर्ण पालना गराउन सरोकार भएका सबै पक्षलाई ध्यानाकर्षण गराउँदै निर्वाचन आचारसंहिता, २०८२ को दफा २६ बमोजिमको केन्द्रीय आचारसंहिता अनुगमन समितिमा प्राप्त उजुरी र जानकारीका आधारमा आचारसंहिता लागू भएदेखि माघ १४ गतेसम्म राजनीतिक दल, उम्मेदवार र संस्थासमेत गरी २१ वटा स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ । त्यसमध्ये आठ वटाको जवाफ प्राप्त भएको र बाँकी जवाफका लागि ताकेता भइरहेको जनाइएको छ ।

आचारसंहिता कार्यान्वयन तथा निर्वाचनलाई आर्थिक रूपमा पारदर्शी बनाउन आयोगले राजनीतिक दल र उम्मेदवारको निर्वाचन खर्चका लागि अलग्गै बैङ्क खाता खोल्न नेपाल राष्ट्र बैङ्कलाई पत्राचार गरिसकेको छ । राष्ट्र बैङ्कबाट बैङ्क तथा वित्तीय संस्थालाई परिपत्र भइसकेको छ । जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयनको सुनिश्चितता गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ र २३ तथा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २(ख) एवं निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीहरूलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकहरूलाई आर्थिकसँग सम्बन्धित विषयमा फरकफरक कार्य जिम्मेवारीसहित निर्वाचन आचारसंहिता अनुगमन अधिकृतसमेत तोकिसकिएको आयोगले जनाएको छ ।

निर्वाचनको मर्यादा र स्वच्छतामा प्रश्न उठाउने गरी कुनै गतिविधि भएमा निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, प्रदेश/जिल्ला निर्वाचन कार्यालय तथा जिल्ला आचारसंहिता अनुगमन अधिकृतसमक्ष लिखित, मौखिक एवं विद्युतीय माध्यमबाट उजुरी दिन सकिने उहाँले बताउनुभयो ।

# सुविधा र रोजगारी खोज्दै पहाडबाट तराई झर्ने बढे

कञ्चनपुर, १७ माघ । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पछिल्ला वर्षहरूमा पहाडी जिल्लाबाट बसाइँ सरेर आउनेहरूको सङ्ख्या निरन्तर बढ्दो छ । सडक, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत पूर्वाधार पहाडी क्षेत्रमा पुगे पनि पर्याप्त रोजगारी र सहज जीवनयापनको अभावका कारण तराई झर्ने क्रम नरोकिएको हो ।

नगरपालिकाको सूचना तथा प्रविधि शाखाको तथ्याङ्कअनुसार पछिल्ला तीन आर्थिक वर्षमा शुक्लाफाँटामा कूल तीन हजार ४५ जना बसाइँ सरेर आएका छन् । आव २०७९/८० मा एक हजार १२ जना नगरपालिकामा भित्रिएका थिए । सो सङ्ख्या २०८०/८१ मा घटेर ९३५ मा सीमित भए पनि आव २०८१/८२ मा पुनः बढेर एक हजार ९८ पुगेको छ ।

बसाइँ सरेर आउनेहरूको आकर्षण मुख्यतया बजार क्षेत्र र बजार विस्तार हुँदै गरेका वडातर्फ केन्द्रित देखिन्छ । सूचना तथा प्रविधि शाखा प्रमुख लोगराज भट्टका अनुसार वडा नम्बर ८, १० र ११ मा जनघनत्व तीव्र रूपमा बढेको छ । वडागत विवरणअनुसार आव २०८१/८२ मा वडा नम्बर ८ मा सबैभन्दा बढी १६४ जना बसाइँ सरेर आएका छन् । वडा नम्बर ११ मा १३५, वडा नम्बर ७ र ५ मा समान १२५ तथा वडा नम्बर १० मा ११८ जना भित्रिएका छन् । यसअघिल्लो आव २०८०/८१ मा भने वडा नम्बर ८ मा सबैभन्दा बढी १९७ जना बसाइँ सरेर आएका थिए ।

बसाइँ सरेर आउनेमध्ये अधिकांश सुदूरपश्चिमका पहाडी जिल्ला डडेल्धुरा, बैतडी र दार्चुलाका रहेका छन् । त्यसपछि अछाम, बझाङ र बाजुराबाट आउनेको सङ्ख्या उल्लेख्य छ । बसाइँसराइ गर्नेमा अधिकांश पहाडी समुदायका नागरिक रहेका छन् भने आदिवासी थारु समुदायको सहभागिता भने निकै न्यून रहेको छ ।

यता, नगरपालिकाबाट अन्यत्र बसाइँ सरेर जानेहरूको सङ्ख्या पनि पछिल्लो वर्ष बढेको छ । आव २०७९/८० मा ३८८ र २०८०/८१ मा ३५४ जना बाहिरिएकोमा आव २०८१/८२ मा यो सङ्ख्या बढेर ५२२ पुगेको छ । यद्यपि, बाहिरिनेको तुलनामा भित्रिनेको सङ्ख्या झण्डै दोब्बर बढी देखिन्छ ।

पहाडी क्षेत्रमा विद्यालय, स्वास्थ्य संस्था र सडक सञ्जालको पहुँच विस्तार भए पनि आर्थिक आत्मनिर्भरता र रोजगारीका अवसर नहुँदा बसाइँसराइ बढेको नगरपालिकाका नगर प्रवक्ता लालबहादुर ऐर बताउनुहुन्छ ।

"पहाडमा आधारभूत सेवा त पुगेका छन्, तर जीविकोपार्जनका लागि उद्योग, कलकारखाना र पर्याप्त कृषि आम्दानीको अभाव छ", उहाँले भन्नुभयो, "त्यसैले मानिसहरू सहज जीवनयापन र अवसरको खोजीमा बजार र सडक पहुँच भएका क्षेत्रतर्फ केन्द्रित भइरहेका छन् ।" अव्यवस्थित बसाइसराइका कारण तराई क्षेत्रमा जनघनत्व बढ्नेक्रम जारी रहेकाले खेतीयोग्य जमिन खण्डीकरण हुने र सहरी सेवामाथि चाप पर्ने चुनौती थपिँदै गएको उहाँको विश्लेषण रहेको छ ।

**हार्दिक समवेदना**



जन्म : २०३१।०३।१३
निधन : २०८२।१०।०४

नेपाल मजदुर किसान पार्टी काँकाबारी गाउँ समितिका सदस्य एवं लामा टोल खानेपानी उपभोक्ता समितिका अध्यक्ष कुमार तामाङ (च्यान्टे)का पूजनीय पिता **रामबहादुर तामाङ**को असामयिक निधन भएको आज १४ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेमकिपा, काँकाबारी गाउँ समिति**
सूनपा-९, भक्तपुर

। सम्पादकीय ।

# जनतामा देशभक्ति भावना जगाउनु आवश्यक

देशमा राजनीतिक परिवर्तनपछि स्वदेशमै रोजगारी पाइएला, जीवन सुनिश्चित होला र विकास तीव्रगतिले अगाडि बढ्ला भन्ने विश्वास जनतामा थियो । तर, देशमा बेरोजगारी बढ्यो, राजनीतिक वितृष्णा भयो र रोजीरोटी पाउनको निम्ति विदेश जानुपर्ने बाध्यता भयो । सरकारले जनताका आधारभूत आवश्यकता पूर्ति गर्न उद्योगधन्दा खोल्दै जानुपर्थ्यो । तर, उल्टो उद्योगधन्दा बन्द हुँदै गयो । नयाँ नयाँ उद्योग, कारखाना खोल्ने वातावरण बनेन या बनाइएन । फलत: विदेश पलायन हुने युवाको सङ्ख्या बढ्दै गयो । बिदेसिएका युवाले पठाएको रेमिट्यान्सले नै देशको अर्थव्यवस्था धानिरहेको छ भनेर सत्तासीन दलका नेता, मन्त्री र सांसदहरू गर्व गर्दै छन् । विदेशबाट रेमिट्यान्स न दीर्घकालीन समाधान हो न त त्यसले देश विकास या आत्मनिर्भरमा टेवा पुऱ्याउँछ ।

युवाहरू बिदेसिन थालेपछि, अरू देशको उठबसमा रहेर काम गर्नुपरेपछि के ती युवाहरूमा देशभक्तिको भावना होला ? के देश निर्माण गर्नुपर्छ भन्ने भावना जागृत होला ? नेपालीमा देशभक्तिको भावना भएन, देश विकासमा नेपालीहरूको श्रम, समय, सीप नेपाली भूमिको निम्ति सञ्चित भएन भने नेपालको समृद्धि कसरी हुन्छ ? आफ्नो श्रमशक्ति विदेशी भूमिमा खर्चिएपछि देश कसरी बन्छ ? देशमा व्यवस्था परिवर्तनको निम्ति ज्यानको बाजी राखेका युवाहरू रोजीरोटीको निम्ति विदेश जान बाध्य हुनु के दु:खद विषय होइन ? यसकारण, व्यापक नेपाली जनतामा देशभक्तिको भावना जगाउन, स्वदेशमै रोजगारीको व्यवस्था गर्न राज्यले नै सबै पूर्वाधार तयार गर्नुपर्छ, नीति नियम र योजना बनाउनुपर्छ । युवा जोश र जाँगर सेलाउन दिनुहुँदैन । यसको लागि सरकारले आवश्यक पहल गर्नुपर्छ ।

युवा-विद्यार्थीहरू विदेश जानुको कारण असक्षम सरकारको परिणाम हो । विदेशमा गर्ने, विदेशमा हुने काम नेपाल सरकारले किन दिन सकेन, काम दिने विचार किन गरेन ? यसरी नै यहाँका जनशक्ति विदेश जाने क्रम बढ्दै गयो भने के देशको लागि आवश्यक जनशक्ति नेपालमा अभाव हुँदैन ? देशको जिम्मेवारी सम्हाल्नुपर्ने र देशलाई समृद्धितर्फ अगाडि बढाउन युवाहरूलाई प्रोत्साहित गर्नुपर्ने सरकार उल्टो युवाहरूलाई विदेश पठाउने बाटो खोल्छ र विदेश जान उत्प्रेरित गर्छ । बेरोजगार युवालाई लक्षित बनाई सरकारले योजना तयार गर्नुपर्छ; देशमै रोजगारीको सम्भावना खोजेर काममामको व्यवस्था गर्नुपर्छ । युवाहरूको विदेश पलायन शुभसङ्केत होइन । आफ्नै देशका युवाहरूमा देश प्रेम, देश बनाउने र जोगाउने भावना छैन भने के भोलि देश रहला ? नेपाल रहेन भने नेपाली कसरी रहन्छ ? के सरकारले देशमा दूरगामी असर पर्नेबारे सोच्नु पर्दैन ?

सरकारले सन्तुलित विकास गरेर युवाहरूलाई स्वदेशमै काम दिनुपर्छ । उनीहरूमा देशभक्तिको भावना जगाउनुपर्छ । देशको लागि आवश्यक जनशक्ति तयार गर्न विभिन्न तालिम दिइनुपर्छ । देश जोगाउन र भूमि बाँझो राखेर, देशको डाँडाकाँडा नाङ्गो बनाएर युवाहरू बिदेसिएपछि नेपाली भूमि कसरी उर्वर हुन्छ, नेपाल कसरी आत्मनिर्भर बन्छ ? नेपाल विकासमा पछि पर्नुको कारण सत्तासीन दलका नेता र मन्त्रीहरू गैरजिम्मेवारी हुनु हो; देश विकास गर्नेबारे चिन्तन नगर्नु हो; त्यसबारे दृष्टिकोण नै नहुनु हो । जसरी भए पनि सरकारमा जाने, सरकारको नेतृत्व गरेर जसरी भए पनि टिकाउनेमा दलहरू केन्द्रित भएको हुँदा सरकारले केही गर्न नसकेको हो । सत्तासीन दलका नेता र मन्त्रीहरू भागबन्डामा अल्झिए; भागबन्डा मिलाउन सिद्धान्त र विचार बन्धकमा राखे । भागबन्डा नपाउला र सरकार नटिक्ला भनेर जस्तो आपराधिक कर्म गर्न, देशको राजस्वमा रजाइँ गर्न, देशविरोधी र जनविरोधी काम गर्न उनीहरू लागे । के यो देशको लागि दुर्भाग्य होइन ?

# देश र जनतामा समर्पित नेमकिपाको गौरवमय आधा शताब्दी

✍ **विवेक**

आजभन्दा ५२ वर्षअघि २०३१ साल माघ १० गते (२३ जनवरी १९७५) मा नेपाल मजदुर किसान पार्टीको स्थापना भएको हो । स्थापना कालदेखि देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै आएको अहिले आधा शताब्दी भइसकेको छ । पार्टी निर्माणको सिलसिलामा यस अवधिमा कैयौं नेता कार्यकर्ताहरूले जेलनेल, प्रवास र भूमिगत जीवन बिताउनुपर्यो । प्रतिक्रियावादीहरूले कैयौंलाई झूटा मुद्दामा फसाएर अनेकौं दु:ख दिए । जस्तोसुकै कठिन जीवन व्यतीत गर्नुपरे पनि पार्टीका नेता कार्यकर्ताहरू पार्टीको सिद्धान्त र विचारबाट अलिकति पनि विचलित भएनन्; कहिले पनि पुँजीवादी राज्य सत्ताको सेवा सुविधाप्रति लोभ गरेनन् । नेमकिपाका यस्ता हजारौं नेता कार्यकर्ताहरूको अमूल्य योगदान, पार्टीको सिद्धान्त र विचारप्रतिको अटल विश्वास नै पार्टीलाई जनताबिच जाज्वल्यमान बनाई राख्ने शक्ति हो ।

**नेमकिपाको उद्देश्य :**

नेपाल मजदुर किसान पार्टीको तत्कालीन उद्देश्य जनताको प्रजातन्त्र हो भने दीर्घकालीन उद्देश्य समाजवाद हुँदै साम्यवादी समाज स्थापना हो । जनताको प्रजातन्त्रको अर्थ कामदार वर्गको नेतृत्वमा प्रगतिशील बुद्धिजीवीहरू, राष्ट्रिय पुँजीपतिवर्गसहितको सहभागितामा गठन हुने सरकार हो । त्यस व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधनहरूको क्रमश: सामाजिकीकरण गर्दै लगिने, सञ्चार सेवामा सरकारी नियन्त्रण हुने र शोषक सामन्तहरूलाई मताधिकारबाट बञ्चित गरिने छ ।

तर, समाजवादी व्यवस्थामा व्यक्तित्व विकासमा समान अवसर, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरू सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताहरू नि:शुल्क हुने, विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमा तोकिनेछ । धनी र गरिबबिचको असमानता दुरी कम हुँदै जानेछ । जब समाज साम्यवादी समाजमा रूपान्तरण हुन्छ तब मानिसहरूको आवश्यकता अनुसारको वितरण प्रणालीको बन्दोबस्त हुनेछ । समाजमा कसैले कसैलाई आदेश वा निर्देशन दिनुपर्ने अवस्था रहनेछैन । समाज स्वचालित यन्त्र जस्तै आ-आफ्नो जिम्मेवारी पूरा गर्ने अवस्थामा पुग्नेछ । समाजमा दबाउनुपर्ने कुनै वर्ग रहनेछैन । समाज वर्गविहीन हुनेछ । दबाउनुपर्ने कुनै वर्ग पनि नहुने अवस्थामा कानुन र राज्यको औचित्य पनि क्रमश: घट्दै जानेछ । बिस्तारै बिस्तारै गाउँ र सहरबिचको भेद तथा शारीरिक र मानसिक श्रमबिच भेद हट्दै जानेछ । यो एक आदर्श समाज हुनेछ । सोभियत सङ्घ, प्रजग कोरिया, क्युवा, चीनलगायतका देशहरूमा समाजवाद स्थापना भए पनि संसारको कुनै पनि देश आजसम्म साम्यवादी समाजसम्म पुग्न सकेको छैन । समाजवादी देशहरू साम्यवादमा रूपान्तरणका लागि निरन्तर लागिरहेका छन् । नेमकिपा त्यही आदर्श समाज निर्माणको लागि अगाडि बढिरहेको छ ।

**नेपालको राजनीतिक परिवर्तनमा नेमकिपाको योगदान :**

२०३६ साल, २०४२ साल र २०४६ सालको विभिन्न चरणका जनआन्दोलनहरूमा नेमकिपाले महत्त्वपूर्ण योगदान गरेको थियो । नेमकिपा एक्लै वा विभिन्न पार्टीहरूसित संयुक्त रूपमा पनि सङ्घर्षमा सहभागी भयो । २०४६ सालको आन्दोलनको नेतृत्व गर्ने वाममोर्चाका मुख्य घटकहरूमध्ये नेमकिपा पनि एक हो । नेमकिपाका धेरै कार्यकर्ताहरू त्यस आन्दोलनमा सहिद र घाइते भए भने धेरैले जेल र प्रहरी हिरासतमा बन्दी जीवन बिताउनु पर्यो । तर, पार्टीको सिद्धान्तबाट अलिकति पनि विचलित भएनन् । अन्तत: निर्विकल्प भनिएको पञ्चायती व्यवस्था विकल्प दिनमात्र होइन नेपालको इतिहासबाटै समाप्त भयो र बहुदलीय व्यवस्था स्थापना भयो ।

२०४६ सालपछि नेका र एमालेले पालैपालो नेपाली जनतामाथि शासन गरे । उनीहरू पनि पञ्चहरूकै पदचापमा हिँड्न थाले । उनीहरूले जनताको तीव्र आक्रोस र असन्तोषलाई वास्ता गरेनन्; स्वेच्छाचारी शासन गर्न थाले । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०५९ साल जेठ ८ गते प्रतिनिधिसभा विघटन गरे । त्यहीबाट प्रतिगमन सुरु भयो । नेमकिपाले संसद पुन:स्थापनाको मागलाई अगाडि सार्यो । पछि त्यो सात दलको साझा माग बन्यो । आन्दोलनको बिचमा एमाले प्रतिगमन आधा सच्चियो भनेर प्रतिगामी सरकारमा सामेल हुन गयो । एमालेले जनतालाई धोका दिए पनि नेमकिपाले भने सडक तताइरह्यो । कहिले एक्लै, कहिले चार, पाँच वा सात दलसित मिलेर पनि संयुक्त आन्दोलनको भावनालाई बचाई राख्यो । अन्तत: २०६३ साल वैशाख ११ गते संसद् पुन:स्थापना भयो । त्यसले देशलाई गणतन्त्रसम्म पुऱ्याउन मार्ग खुल्यो । यसर्थ, नेपालको राजनैतिक इतिहासमा पञ्चायती व्यवस्था, संवैधानिक राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासम्मको विभिन्न चरणबद्ध जनआन्दोलनमा नेमकिपाको अत्यन्त ठुलो योगदान छ ।

**कानुनी र गैरकानुनी सङ्घर्षमा नेमकिपा :**

पार्टीको तत्कालीन र दीर्घकालीन उद्देश्य पूरा गर्न पार्टीले कानुनी र गैरकानुनी सङ्घर्षलाई जोड दिइरहेको छ । निरङ्कुश पञ्चायती शासन कालमा जनतालाई बोल्ने र लेख्ने स्वतन्त्रता थिएन । जनताको मौलिक र राजनीतिक अधिकार प्राप्तिको लागि पार्टीले दशकौं सङ्घर्ष गऱ्यो भने किसानहरूको मोहियानी हक सुरक्षा, बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, महँगीविरुद्ध आन्दोलनजस्ता गैरकानुनी सङ्घर्षहरूलाई पनि अगाडि बढाइरह्यो । त्यसै गरी भियतनाममाथि अमेरिकी साम्राज्यवादले गरेको बर्बर आक्रमण, नेपालको सुस्ता, महेशपुर, तिलाठी, इलामको पशुपतिनगर, कालापानीमाथि भारतीय विस्तारवादले गरेको भूमि आक्रमणविरुद्ध पनि नेमकिपाले विभिन्न समयमा सङ्घर्षहरू गर्दै आएको छ ।

**निर्वाचनलाई उपयोग गर्ने नीति :**

नेमकिपाले लिएको नीति र सिद्धान्तअनुसारको समाज निर्माणको लागि विभिन्न निर्वाचनहरूलाई नेमकिपाले उपयोग गर्दै आएको छ । निर्वाचनबाट जितेर सरकारमा जाने र व्यक्तिगत सुविधा लिन होइन कि समाजवादी क्रान्तिको लागि सहयोग पुऱ्याउन निर्वाचनलाई उपयोग गर्दै आएको हो । प्रतिक्रियावादीहरूलाई नङ्ग्याउन, जनतालाई राजनीतिक रूपमा सचेत पार्न र पार्टीको विचार र सिद्धान्तबारे जनतालाई स्पष्ट पार्न निर्वाचन उपयोगको नीति लिइएको हो । निर्वाचन उपयोगको सिलसिलामा कैयौं निर्वाचित पदाधिकारीहरू पार्टी त्यागेर पद र पैसाको लागि अन्य पार्टीमा गएको कठोर अनुभव पनि पार्टीसँग नभएको होइन । दैलेख, जुम्ला, भक्तपुरलगायत विभिन्न जिल्लामा थुप्रै सिद्धान्तच्युतहरूले पार्टीलाई धोका र विश्वासघात गरे तर पनि पार्टीले निर्वाचन उपयोगको नीतिलाई परित्याग गरेन किनभने शान्तिपूर्ण अवस्थामा जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्न, पुँजीवादी पार्टीहरूले गरेका विकृति र विसङ्गतिहरूबारे जनतालाई बुझाउन निर्वाचनमा भाग लिनु आवश्यक मात्र होइन अपरिहार्य छ ।

खराब चरित्र, गलत मनसाय र स्वार्थी मानिसहरू पार्टीबाट निकालिएपछि पार्टी थप मजबुत हुन्छ । नेमकिपाबाट विभिन्न जिल्लाका केही स्वार्थीहरू छोडेर गए पनि कमजोर हुनुको सट्टा पार्टी सैद्धान्तिक रूपमा झन्झन् मजबुत बनिरहेको छ । नेपालमा कम्युनिस्ट सिद्धान्तअनुसार चल्ने एक मात्र पार्टी नेपाल मजदुर किसान पार्टी बनेको छ । यो नेमकिपाका तमाम कार्यकर्ताहरूको निम्ति गर्वको विषय हो ।

निर्वाचनमा प्राप्त गरेको मत सङ्ख्या पार्टीको विचार र सिद्धान्त सही वा गलतको आधार वा मापदण्ड होइन । करोडौं खर्च गरेर, भोज ख्वाएर, गुण्डा र प्रशासनको प्रयोग गरेर प्राप्त गरेको मतको कुनै अर्थ छैन । निर्वाचन जित्न सिद्धान्त विपरीत एमाले, माओवादीजस्ता पार्टीहरूले निर्वाचनमा जे हर्कत देखाए त्यो घोषित पुँजीवादी पार्टीहरूको भन्दा खराब छ । त्यसैले नेमकिपाले ती पार्टीहरूलाई पुँजीवादी पार्टी वा भाइकाङ्ग्रेस घोषणा गरेको हो ।

**संविधानसभामा नेमकिपा :**

नेपालको राजनैतिक इतिहासमा संविधानसभाको दुई पटक निर्वाचन भयो । दुबै पटकको निर्वाचनमा नेमकिपाका प्रतिनिधिहरूले संविधानसभामा प्रतिनिधित्व गरे । ती प्रतिनिधिहरूले संसारका समाजवादी देशका संविधानहरूको आधारमा नेपालमा पनि समाजवादउन्मुख संविधान निर्माण गर्ने कोसिस गरे । पहिला संविधानसभामा १० वर्षसम्म सशस्त्र सङ्घर्ष गरेर आएका माओवादीहरू सङ्ख्यामा धेरै थिए । एमाले, नेमकिपा, राजमो, जनमोर्चा, मालेसमेत सबैको सङ्ख्या हिसाब गर्ने हो भने संविधानसभामा बहुमत कम्युनिस्टहरू थिए । ती सबै पार्टीले समाजवादी विशेषतासहितको संविधान निर्माणतर्फ ध्यान दिएको भए धेरै हदसम्म सम्भव पनि थियो ।

माओवादी र एमालेजस्ता ठुलो सङ्ख्यामा प्रतिनिधि रहेका पार्टीहरू समाजवादी संविधान लेख्नेभन्दा सरकारमा टिकिरहनेतर्फ केन्द्रित भए । सबैलाई खुसी पारेर संविधान निर्माणतर्फ लाग्दा अहिलेको संविधान निर्माण भयो । नेमकिपाले संविधानमा शोषणविरुद्धको हक, शिक्षा र स्वास्थ्य उपचार नि:शुल्क, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरू सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्त, व्यक्तित्व विकासमा समान अवसर, सम्पत्तिको सीमा तोक्ने, विदेशमा सम्पत्ति राख्न नपाइने बन्दोबस्तको लागि निरन्तर सङ्घर्ष गर्यो । नेमकिपाको एक्लो सङ्घर्षले ती विषयहरू संविधानमा समावेश गर्न सम्भव थिएन । परिणाम कम्युनिस्टहरूको बहुमत भएको संविधानसभाबाट पुँजीवादी संविधान निर्माण भयो ।

**व्यवस्थापिका संसदमा नेमकिपा :**

नेमकिपाले व्यवस्थापिका संसद्लाई वैचारिक सङ्घर्ष गर्ने थलोको रूपमा प्रयोग गर्दै आएको छ । जनविरोधी विधेयकहरू र सम्झौताहरू संसद्मा प्रस्तुत हुँदा नेमकिपा एक्लैले पनि सडक र सदनमा विरोध गर्दै आएको छ । विदेशीलाई सहज रूपमा नागरिकता वितरण गर्ने उद्देश्यले ल्याइएको नागरिकता विधेयकको विरोध होस् या व्यवस्थापिकाको समानान्तर निकाय निर्माण गर्ने उद्देश्यले ल्याइएको लगानी बोर्ड ऐन होस् यस्ता हरेक देशघाती विधेयकहरूको नेमकिपाले विरोध गर्दै आयो । देशलाई अमेरिकी साम्राज्यवादको तखतमा राख्ने एमसीसीको विरोधमा पनि नेमकिपाले सडक र सदनमा निरन्तर विरोध गऱ्यो ।

पद र पैसाको लोभ लालचमा नफसी निरन्तर देश र जनताको पक्षमा आवाज उठाउँदै आएको नेमकिपाको नेपालको राजनीतिक इतिहासमा छुट्टै छाप कायम भएको छ । पार्टीले लिएको सिद्धान्त र विचार कार्यान्वयन गर्ने सिलसिलामा अलिकति पनि विचलित नभई नेमकिपाका नेता कार्यकर्ताहरू कार्यरत छन् । संसद्मा प्रतिनिधित्व गर्ने सबैजसो पार्टीहरू सरकारमा सहभागी भए पनि इमानदारीपूर्वक जनताको सेवा नै राजनीति हो भन्ने मान्यता राख्दै आएको नेमकिपा भने अहिलेसम्म कुनै पनि पुँदीवादी सरकारमा सहभागी भएको छैन । पुँजीवादी सरकारमा गएर आमूल परिवर्तन हुनेमा नेमकिपा विश्वास गर्दैन । निर्वाचनबाट जितेर समाजवाद स्थापना गर्ने भनेर सरकारमा गएका एमाले र माओवादीहरू पुँजीवादको फोहर पोखरीमा उम्कनै नसक्ने गरी डुबेका छन् । उनीहरूबाट समाजवादी क्रान्ति र समाजवाद अब असम्भव भइसकेको छ ।

२०८२ भदौ २३ र २४ गते युवाहरूको विध्वंसात्मक प्रदर्शनपछि देशमा आएको परिवर्तित राजनीतिक परिस्थितिलाई ध्यानमा राखेर नेमकिपाले निर्वाचनलाई उपयोग गर्ने नीति लिएको छ । राज्यका तीन अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका ध्वस्त हुनु भनेको देश खरानी हुनु हो । देशले अप्रिय स्थिति भोग्नुपर्यो । त्यो परिस्थिति निर्माण हुनुमा २०४६ सालदेखि हालसम्म सरकारमा जाने राजनीतिक दलहरू नै मुख्य दोषी भएको ठहर गर्दै बिग्रेको परिस्थितिलाई केही हदसम्म भए पनि सपार्न निर्वाचन उपयुक्त विकल्प हुने नेमकिपाको स्पष्ट विचार रहेको छ । त्यसैले फागुन २१ गते हुन गइरहेको निर्वाचनमा नेमकिपाले ५९ जिल्लामा १२० क्षेत्रमा आफ्ना उम्मेदवारहरू उठाएको छ । महिला उम्मेदवारहरू सबैभन्दा बढी उठाउने पार्टी नेमकिपा हो । नेमकिपाले ४५ प्रतिशत महिला उम्मेदवार उठाएको छ । आगामी निर्वाचनलाई नेमकिपाले देशभक्त र देशघातीहरूबिचको सङ्घर्षको रूपमा लिएको छ ।

यसरी ५२ वर्षसम्म देशमा समाजवादी क्रान्तिको वातावरण निर्माण गर्न निरन्तर सङ्घर्षरत नेमकिपाको कार्यकर्ता बन्न पाउँदा जो कोहीलाई गर्व लाग्नु स्वाभाविक छ । नेमकिपाका नेता कार्यकर्ताहरू आधा शताब्दीसम्म देश र जनताको सेवामा समर्पित भएर लडे समाजवादी व्यवस्था स्थापना नभएसम्म अर्को आधा शताब्दी लड्न पनि तयार छन् । पार्टीको ५२ औं स्थापना दिवको अवसरमा सबै नेता, कार्यकर्ता र शुभच्छुकहरूप्रति हार्दिक शुभकामना !

# भदौ २४ को आगजनी : ४० घण्टासम्म शीतल निवास जलिरह्यो, एउटै दमकल गएन निभाउन –२

✍ रुद्र पङ्गेनी र शमशाद अहमद

**मेयर साहको बिफाउने भूमिका**

कुनै बेला 'सिंहदरबारमा आगो लगाइदिन्छु' भनेका काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साहमाथि २४ भदौको आगजनीमा 'सिंहदरबार जलेको हेरेर बसेको' आरोप लाग्यो । महानगरपालिका मातहतको दमकल सेवा महानगर प्रहरीले सञ्चालन गर्छ । यसमा चालक बाहेक १३ महानगर प्रहरी र २४ जना सशस्त्र प्रहरी बलका अग्निनियन्त्रक कार्यरत छन् । महानगरका पाँच वटा दमकल तीन सिफ्टमा चल्ने गरेको कुरा प्रमुख साह स्वयंले आफ्नो फेसबुक स्ट्याटस लेखेको छन् । उनको भनाइको अर्थ दमकल चौबीसै घण्टा चल्ने भन्ने हो ।

निर्वाचन प्रचारप्रसारको क्रममा २०७८ चैत २६ गते कान्तिपुर टेलिभिजनका सुरजसिंह ठकुरीसँगको अन्तर्वार्तामा मेयर साहले आगलागीको सूचना आएको चार मिनेटभित्रै घरघरमा दमकल पुऱ्याउन सकिने बताएका थिए । तिनै बालेन्द्र साहमाथि २४ भदौमा सहरभरि आगजनी भइरहे पनि त्यस दिन र त्यसपछिका दिनहरूमा समेत दमकललाई पूर्ण क्षमतामा नचलाइराखेको आरोप लाग्यो । उनी यो घटनापछि प्रतिरक्षा गर्ने अवस्थामा पुगे ।

आफैं प्रतिरक्षामा उत्रिनुअघि नगर प्रमुख साहले २ असोजमा महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डेलाई मैदानमा उतारे । पाण्डेले त्यस दिन केही सीमित पत्रकारलाई डाकेर गरेको पत्रकार सम्मेलनमा भनेका थिए, "हामीले सिंहदरबार, सर्वोच्च अदालतलगायतमा भएको आगजनी जोगाउन र रोक्न प्रयत्न गरेका थियौँ । २४ गते साँझदेखि नै प्रयत्न गर्दा पनि दमकल निकाल्न सकिने अवस्था रहेन । न्युरोडबाट दमकल निकाल्न खोज्दा दमकलको गेटअगाडि नै गाडीहरू जलिरहेका र दमकललाई निस्किन नदिएको अवस्थामा नेपाली सेनासँग समन्वय गर्दा पनि तत्काल दमकल निकाल्न सक्ने अवस्था भएन र 'स्कर्टिङ' गरेर लैजान पनि नसकिने कुरा भयो । हामीले प्रयत्न गरिरहेकै थियौँ र त्यसपछि सवा आठ बजे मात्रै सिंहदरबारमा दमकल पठाउन सक्यौँ ।"

विभिन्न युट्युब च्यानल र फेसबुकमा लाइभ भएको उक्त पत्रकार सम्मेलनमा अलि हतास मुद्रामा देखिएका पाण्डेले भनेका थिए, "हाम्रा कर्मचारी दुई-तीन दिनदेखि सुतेका छैनन् । आरामभन्दा पनि महत्त्वपूर्ण काम गर्नुपर्छ भन्ने हिसाबले खटिएका छन् ।" तर महानगरपालिका आफैंले हिमालखबरलाई उपलब्ध गराएको लगबुकमा घण्टौँसम्म दमकल खाली बसेका देखिन्छन् ।

मानिसहरू राजुनाथ पाण्डेको सफाइबाट पनि सन्तुष्ट नदेखिएपछि २१ असोजमा मेयर साह आफैँ जवाफ दिन अघि सरेका थिए । यस विषयमा उनले फेसबूकमा एउटा लामै स्ट्याटस लेखेर आफूमाथि उठेका प्रश्न र आरोपलाई सम्बोधन गर्न खोजे जस्तो लाग्थ्यो । सुरूमै उनले आम मानिसले आफूलाई गरेका प्रश्नहरू उद्धृत गरे- "यत्रो सिंहदरबार जल्दा काठमाडौँ महानगरका दमकल कहाँ गए ? तीन दिनसम्म जलेको हेरेर किन बसे ? सिंहदरबार जलाउने नै बालेन शाह हो !"

यी प्रश्नले उनकै दुई वर्षअघिको फेसबुक स्ट्याटसलाई सम्झाइदिन्छन् । त्यसबेला उनले आफ्नी पत्नी चढेको गाडीलाई ट्राफिक प्रहरीले केही बेर रोक्दा झोक्किएर "सिंहदरबारमा आगो लगाइदिन्छु" भन्ने स्ट्याटस लेखेका थिए । यद्यपि, उक्त स्ट्याटस उनले भोलिपल्टै हटाएका थिए । संयोग भनौँ वा नियति- साहमाथि यसपालि सिंहदरबारको आगो निभाउन नगएको, सिंहदरबार जलाउने नै बालेन्द्र साह हुन् भन्ने जस्ता आरोपहरू लागेका छन् ।

यी आरोप पुष्टि गर्ने तथ्य त हामीसँग छैन । तर, तीन दिनसम्म सिंहदरबार जल्दा शाह प्रमुख रहेको महानगरका दमकल कहाँ पठाइए ? भन्ने आम मानिसले गरेका प्रश्न चाहिं हामी पनि गर्न जरूरी देख्छौँ । किनकि, सहर जलिरहँदा काठमाडौँ महानगरका दमकलहरू सीमित सङ्ख्यामा परिचालन भएका, शीतल निवास ४० घण्टासम्म जलिरहँदा दमकल नपठाइएका र सिंहदरबारमा केही दमकल ढिला गरी पठाए पनि आगो ननिभाई भित्र-बाहिर गर्ने, घण्टौँ हराउने गरी अलमल गरिराखेका हाम्रो खोजबीनले देखाएका छन् । लगबुक रेकर्डअनुसार त्यहाँ पुगेका दमकल डेढ घण्टा काम गरेर चार-पाँच घण्टा गायब भएका देखिन्छन् । ती कहाँ हराए, सरोकारवाला निकायसँग चित्तबुझ्दो जवाफ छैन ।

महानगर प्रमुख बालेन्द्र साहले आफूमाथि दमकल परिचालन नगरेको आरोप लागेपछि लेखेको ९५० शब्दको स्ट्याटसमा एउटा अस्वाभाविक तथ्य पनि राखेका छन् । उनले लेखेका छन्, "हाम्रो टीम दिनरात नभनी आगो निभाउन, घाइतेहरूको उपचार, लास व्यवस्थापन, जलेका संरचनाहरूको तथ्याङ्क सङ्कलन गर्न व्यस्त थियो ।" प्रश्न गर्न सकिन्छः सहर जलिरहेको बेला जलेका संरचनाको आगो निभाउनु प्राथमिकता हो कि तथ्याङ्क सङ्कलन गर्नु ? आगो निभाउनुको सट्टा जलेका संरचनाको तथ्याङ्क सङ्कलनमा किन अलमलिएको हो भनेर महानगरप्रमुख बालेन्द्र साहलाई प्रश्न गर्दा उनले जवाफ दिएनन् ।

**'माथिको आदेश'**

महानगर जलिरहँदा पनि दमकल नपठाएको आरोप खेपिरहेकै बेला ६ असोजमा राजुनाथ पाण्डेले फेसबुकमा एउटा स्ट्याटस लेखे, "श्रावणमा गाईजात्रा सकियो, तर असोजमा फेरि गाईजात्रा सुरू भयो ! सबैलाई चेतना भया ! जय नेपाल आमा !" उक्त स्ट्याटसमा आगो ननिभाएको प्रसङ्ग कोट्याउँदै धेरैले उनको आलोचना गरेका छन् । आलोचकमध्ये एक थिए- भाटभटेनी सुपरमार्केट तथा डिपार्टमेन्ट स्टोर प्रालिका अपरेसन म्यानेजर विनोद भट्टराई । उनले पाण्डेलाई प्रश्न गर्दै लेखेका छन्- 'मैले दमकलको नम्बरमा कल गर्दा मेयरसा'पको फोन अफ छ, आदेशबिना मिल्दैन भनियो कारण के ? अर्कोपल्ट गर्दा पानी छैन भनियो, कारण के पाण्डे सर ? म तपाईंको कामको प्रशंसक थिएँ तर... ।'

भाटभटेनी सुपरमार्केटका उपत्यकास्थित बालुवाटारको गोदाम र अरू चार ठाउँका डिपार्टमेन्ट स्टोरमा आगजनी गरियो । भाटभटेनीका कर्मचारी पनु पौडेलले हामीसँग कुरा गर्दै आगजनीपछि दमकल पठाउन पटक-पटक अनुरोध गर्दा पनि नआएको बताएका छन् ।

भट्टराई र पौडेल दमकल सेवाबारे गुनासो गर्ने प्रतिनिधि पात्र मात्र हुन् । दमकल समयमा नपुगेकोबारे महानगरकै वडाध्यक्षहरूको पनि चर्को आक्रोश छ । सङ्कटका बेला आफ्नै महानगरको दमकल सेवा आफ्नो क्षेत्रमा पुऱ्याउन नसकेका वडाध्यक्षहरूले ३१ असोज बिहान डाकिएको नगर कार्यपालिका बैठकमा तीतो पोखे । बैठकमा चार वडाध्यक्षले सिंहदरबारजस्ता धरोहर जल्दा टुलुटुलु हेरेर बस्नु परेको विवशता दर्शाएका थिए । त्यस बैठकमा दमकल कसको आदेशले चल्छ ? दमकलको फोन किन उठेन ? दमकल किन समयमै आएन ? जस्ता प्रश्नले घेरिएका थिए- मेयर बालेन्द्र साह ।

बैठकमा वडा नम्बर-७ का वडाध्यक्ष विमलकुमार होडाले भनेका थिए, "काठमाडौँ महानगरपालिकामा त्यत्रो आगो लागेको छ । खोइ हामीले यो विषयमा चिन्ता गरेको ? बौद्धको भाटभटेनी बलेको छ । मैले फोन गरेर रामहिटीबाट दमकल मगाउँदा आदेश छैन भनेर बसिराखेको छ । कसको आदेश चाहिने हो ( दमकललाई)? मेरो वडामा आगो लाग्दा रामहिटीको दमकल आउन सक्छ कि सक्दैन ? विपद् व्यवस्थापनले के गऱ्यो ? प्रश्न गर्न चाहन्छु ।"

सो बैठकमा २४ भदौको विध्वंससँग सम्बन्धित एजेन्डा नराखेको भनेर वडाध्यक्ष होडाले मेयरको कार्यशैलीप्रति खेद व्यक्त गरेका थिए । उनको भनाइ थियो, "बैठकमा भदौ २४ का घटनाबारे कुनै पनि एजेन्डा नराखिनुले अत्यन्त दुःख लागेको छ । यस्ता घटनामा हामीले चिन्तन गर्नुपर्ने हो । काठमाडौँ महानगरपालिकाको बैठकलाई सबैले हेरिराखेका छन् । समयमा किन आगो निभाइएन भन्ने कुरा उठेको छ । विपद्मा हामी दमकल पुऱ्याउन पनि सक्दैनौं ?

हिमालखबरसँग ५ मङ्सिरमा गरेको कुराकानीमा वडाध्यक्ष विमल होडाले भने, "२५ गते पनि भाटभटेनी जलिरहेकै थियो । त्यहाँ दमकल नआएको थाहा पाएपछि मैले रामहिटी स्टेसनमा फोन गरेँ । फोनमा एक कर्मचारीले दमकल न्यु रोड गएको बताए । त्यसको केही बेरमा त्यहाँका प्रमुख इन्स्पेक्टरले मलाई फोन गर्दा मैले यहाँ (भाटभटेनीमा) आपद् परेकोले दमकल पठाइदिन अनुरोध गरेँ । उनले 'त्यो त थाहा छ, तर दमकल त उतै व्यस्त छ' भन्ने जवाफ दिए । केही बेरपछि टोलका एक जनाले फोन गरेर 'दमकल त यहीं रामहिटीमै रहेछ, तर आदेश चाहियो दमकल पठाउन भन्छन्' भने । रामहिटीमा दमकल हुँदाहुँदै बौद्ध भाटभटेनीमा आएन ।"



महानगरपालिकाले हामीलाई दिएको लगबुकका अनुसार रामहिटीको एउटा दमकलले २४ गते राति ८ बजेदेखि १२ बजेको बिचमा २ घण्टा ३० मिनेट, २५ र २६ गते करीब १२/१२ घण्टा मात्रै काम गरेको छ । लगबुकका अनुसार न्यु रोड र रामहिटीका दुई वटा दमकल चुच्चेपाटी भाटभटेनीको आगो निभाउन पहिलोपटक २५ गते अबेर राति मात्रै पुगेका छन् ।

दमकल समयमा परिचालन नभएको प्रसङ्गमा वडा नं. ३ का वडाध्यक्ष प्रेम थापाले कार्यपालिकाको बैठकमा भदौ २३ र २४ गतेको घटनाको समीक्षाको एजेन्डा नराखेकोमा खेद प्रस्ताव नै राखे । थापा आफैं महानगरको विपद् व्यवस्थापन समितिका संयोजक पनि हुन् । त्यसबाहेक उनले एउटा सङ्कलप प्रस्ताव पनि राखेका थिए- ऐतिहासिक धरोहर, सरकारी भवन, संसद् जलेर नष्ट हुँदा हामीले रुन मन लाग्ने गरी हेरेर बस्नबाहेक केही गर्न सकेनौँ । अब जलेर खरानी भएको सिंहदरबारको पुनर्निर्माणको जिम्मा महानगरपालिकाले लिनुपर्छ भन्ने सङ्कलप प्रस्ताव पेस गर्न चाहन्छु ।

दमकल सञ्चालनमा भएको लापरबाहीबारे वडा नं. २३ का वडाध्यक्ष मचाराजा महर्जनले पनि कुरा उठाए । वडाध्यक्षहरूले दमकल 'किन समयमा चलेन, आएन, 'सिंहदरबार जल्दा टुलुटुलु हेरेर बस्नु पऱ्यो भन्ने जस्ता गम्भीर प्रश्न उठाए पनि मेयर साहले कुनै जवाफ दिएनन्, एक कानले सुनेर अर्को कानले उडाइदिए जस्तो गरे ।

**बालेनको बचाउमा नेपाली सेना**

असोज ३१ गते महानगरको कार्यपालिका बैठकमा दमकललाई लिएर महानगरप्रमुख बालेन्द्र साहमाथि चौतर्फी प्रश्न उठेपछि, बैठक सकिएको केही घण्टामै नेपाली सेनाले दमकल सञ्चालन सम्बन्धमा पत्रकार सम्मेलन गऱ्यो । त्यस सम्मेलनमा नेपाली सेनाका सहायक रथी मनोज थापाले भनेका थिए, "म यहाँहरूलाई प्रस्ट पार्न चाहन्छु, काठमाडौँ महानगरपालिकाको दमकल (सिंहदरबारमा) आठ बजेतिर आएको छ । उहाँहरूको दमकललाई पनि विभिन्न ठाउँमा अवरोध भएको हो । बाहिर विभिन्न किसिमका हल्ला, भ्रामक सूचना र समाचारहरू आइराखेका छन् । महानगरपालिकासँग म सुरुदेखि नै कन्ट्याक्टमा थिएँ । महानगरले केही ठाउँमा ड्राइभर छैनन्, त्यसको व्यवस्था गरेर लैजानुस् भनेकै हो । तर समयमा दमकल लैजान आन्दोलनकारीले नदिएका हुन् ।"

उनले अगाडि भने, "त्यसअघि नेपाली सेनाको दमकलले दिउँसो २:३५ देखि सिंहदरबारको आगो निभाउन सुरू गरिसकेको थियो । पहिलो दमकल सिंहदरबार नै गएको हो । केही समयपछि अवरोध हटाउँदै जङ्गी अड्डाभित्रबाट अर्को दमकल पनि पुगेर सिंहदरबारको आगो निभाउने काम गऱ्यो ।"

त्यस सम्मेलनमा नेपाली सेनाले नगर प्रमुख बालेन्द्र साहको बचाउ गरेको सुनेका ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन छक्क परेका छन् । काठमाडौँका सर्वोच्च अदालत, सिंहदरबारजस्ता सरकारी र अन्य निजी सम्पत्तिमा लागेको आगो निभाउन ललितपुरका दमकलले निरन्तर काम गरेको दमकल सञ्चालनको रेकर्डले देखाउँछ । सर्वोच्च अदालतका प्रधानन्यायाधीशले आफ्नो कार्यकक्ष जोगाउन बोलाएकोमा आफू मातहतको दमकल खटाएका मेयर महर्जनले हिमालखबरसँग भने, "सेनाजस्तो अति संवेदनशील संस्थाले एक व्यक्तिको निम्ति यसरी ढाल बन्नु आवश्यक थिएन । सेनाले कोही व्यक्ति विशेषको बचाउ गर्न रक्षाकवच भइदिएको मलाई अहिलेसम्म थाहा थिएन ।"

हामीले नेपाली सेनालाई किन महानगरको बचाउ गरेको भनेर प्रश्न गर्दा स्पष्ट जवाफ दिएन ।

**कसको आदेशमा चल्छ दमकल ?**

कसैले कुनै ठाउँमा आगो लागेको सूचना वा जानकारी दिनु नै दमकल निकाल्ने आदेश हो । यसका लागि दमकलका कर्मचारीले नगर प्रमुख वा अरू कोही उच्च अधिकारीको आदेश माग्नु वा पर्खिनु पर्दैन । यस सम्बन्धमा वडाध्यक्षहरूले काठमाडौँ महानगर कार्यपालिकाको बैठकमा उठाएकै प्रश्न हामीले जुद्ध बारुणयन्त्र, न्युरोडबाट आठ वर्षअघि अवकाश लिएका विश्वराम थापासमक्ष पनि राख्यौँ । दमकल कसको आदेशमा चल्छ ? उनले भने, "कसैको आदेश पर्खिनुपर्दैन । टेलिफोनबाट आगलागीको सूचना विवरण टिपेपछि तत्काल दमकल स्टेसनभित्रै अलार्म बज्छ र त्यसको एक डेढ मिनेटमै सबै तयारी गरेर दमकल बाहिर निस्किन्छ ।"

सिंहदरबारमा आगो लागिरहँदा महानगरका दमकल घण्टौँ हराएकोबारे प्रश्न गर्दा थापाले धेरै वर्षपहिले पशुपति परिसरमा परालको कुन्यूमा लागेको आगो लगातार दुई दिन लगाएर निभाएको घटना स्मरण गरे । उनले भने, "हामीले निरन्तर आगो निभाउने काम गर्ने हो । एकछिन पनि रोक्ने, आराम गर्ने भन्ने हुँदैन । बरु पालो दिने साथीहरूले समय-समयमा पालो भने दिइरहन्छन् ।" चौधरी ग्रुपको सतुंगलस्थित सिजी इलेक्ट्रोनिक्सको गोदाममा ठुलो आगलागी हुँदा पनि यसरी नै लामो समय लागेको थियो ।

अग्नि नियन्त्रक विश्वराम थापा आगलागी नियन्त्रणमा सेकेन्डको पनि महत्त्व हुन्छ र समयमा दमकल आएको छैन भने त्यसको कारणको खोजी हुनुपर्छ भन्छन् । उनको भनाइ थियो, "दमकल खाली बसेर आगो निभाउन नजाने भन्ने त कुरै हुँदैन । आगो लागिरहेको बेला दमकलका कर्मचारीहरू खाली बस्नै मिल्दैन, जानैपर्छ । मैले यति घण्टा काम गरेँ अब सक्दिनँ भन्न पाइँदैन ।" उनका अनुसार दमकलमा २४ घण्टे आवासीय ड्युटी हुन्छ । अरू कर्मचारीले जस्तो म यति दिन यसरी बिदा बस्छु भन्न पाइँदैन । त्यहाँका कर्मचारी हप्तामा एक दिन चाहिँ पालो मिलाएर बिदा बस्न पाउँछन् ।

जुद्ध बारुणयन्त्र न्युरोडबाटै अवकाश पाएका थापालाई हामीले विशालबजारको जनसेवा प्रहरी वृत्तमा भएको आगजनीको तस्वीर तथा भिडियो देखाएर सोध्यौँ- त्यहाँ लागेको आगो निभाउन कति समय लाग्छ ? थापाले भने, "न्युरोड जनसेवा प्रहरी वृत्तको आगो निभाउन करीब २५ मिनेट जति लाग्छ ।" तर महानगरले हामीलाई दिएको लगबुक विवरणमा २४ गते बेलुकी ७:५५ देखि राति १:१५ बजेसम्म सवा पाँच घण्टाभन्दा बढी समय लागेको देखिएको छ । महानगरले हामीलाई उपलब्ध गराएको लगबुकमाथि प्रश्न किन पनि जायज छ भने प्रत्यक्षदर्शीहरूले दमकलले एक घण्टा जतिमै आगो निभाएर फर्किएको बताएका छन् । बरु भोलिपल्ट दमकल फेरि केही बेर आगो निभाउन आएको प्रत्यक्षदर्शीहरूको भनाइ छ ।

अपत्यारिलो के छ भने, महानगरका दमकलले सिंहदरबारको आगो निभाउन पटक-पटक गरेर १० घण्टा १५ मिनेट काम गरेको र त्योभन्दा धेरै सानो ठाउँ विशालबजारको जनसेवा वृत्तमा त्यसको आधाभन्दा बढी समय लागेको देखिएको छ । रेकर्डअनुसार सिंहदरबारमा २४ गते तीन वटा दमकलले ४ घण्टा ३० मिनेट, २५ गते पनि तीन वटै दमकलले ३ घण्टा ४५ मिनेट र २६ गते दुई वटा दमकलले २ घण्टा आगो निभाउने काम गरेको देखिन्छ । २५ गते सिंहदरबार जलिरहेकै अवस्थामा महानगरको दमकल सञ्चालन रेकर्डले ५६ घण्टा दमकल खाली बसेको देखाउँछ ।

सिंहदरबार जलिरहने तर महानगरका दमकलहरू खाली बस्ने हुन्छ कि हुँदैन भनेर प्रश्न गर्दा अग्नि नियन्त्रक थापाले भने, "त्यस्तो नहुनुपर्ने हो । आगो लागिरहँदा त हाम्रो काम आगो निभाउने नै हो, आगो लागिरहेको ठाउँ छाडेर अन्यत्र हिंड्न मिल्दै मिल्दैन ।" २६ गते पनि लगभग ७८ घण्टा दमकल खाली रहेको विवरण सुनाएपछि विश्वराम थापाले उही कुरा दोहोऱ्याए, "त्यस्तो अवस्थामा दमकलले चौबीसै घण्टा काम गर्नुपर्छ । तर २४ गते जस्तो त कहिल्यै भएको थिएन । "

भदौ २४ गते बाटोमा अवरोध थियो भन्ने कारण दिंदै दिनभरि बारुणयन्त्रको गेट बन्द गरेर बसेका काठमाडौँ महानगरपालिकाका पाँच वटा दमकलका विषयमा अग्निनियन्त्रक थापाको विचार थियो, "जान नसकेको भए सुरक्षाकर्मीको सहायता लिनुपर्थ्यो । बाटो अवरुद्ध थियो भने सुरक्षाकर्मीको सहायताले खोल्न लगाउनुपर्थ्यो ।"

भदौ २४ गते राति काठमाडौँका सडकमा कुनै पनि अवरोध थिएन । राति १० बजेदेखि नै सेना परिचालन भएको र कर्फ्युसमेत लागेकोले महानगरको दमकललाई त्यसपछि कुनै अवरोध नभएको जगजाहेर नै छ ।

दमकल सञ्चालनको जिम्मेवारी पाएका अधिकारीहरूले बदनियत राखेर दमकल नचलाएमा के हुन्छ ? हामीले कानुन व्यवसायीहरूसँग यस विषयमा छलफल गरेका थियौँ । वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई भन्छन्, "आगो निभाउनुपर्ने संस्थाका प्रमुख वा विपद् व्यवस्थापनको जिम्मेवारी लिएका अधिकारीले दिइएको जिम्मेवारी पूरा नगरेमा कानुनी कारबाही गर्ने स्पष्ट छुट्टै कानुन नभए पनि विद्यमान अन्य कानुनबमोजिम कारबाही गर्न सकिन्छ र त्यस्तो कारबाहीका लागि अदालतको आदेश आवश्यक पर्छ ।"

वरिष्ठ अधिवक्ता भट्टराईका अनुसार, भ्रष्टाचार निवारण ऐनको दफा ८ मा भएको सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले काम गरेको भनेर पुष्टि हुने आधार भएमा वा मुलुकी अपराध संहिताको दफा ८७ बमोजिम अधिकार प्राप्त अधिकारीले

बाँकी पृष्ठ ६ मा



इरान नजिकैको ओमन सागरमा संयुक्त जलसैनिक अभ्यासका निम्ति तयार इरान, चीन र रसियाका जलसैनिक बेडा ३१ जनवरी २०२६ का दिन । इरानी रक्षा मन्त्रालयले दिएको जानकारीअनुसार आइतबारदेखि लाइभ फयरसहितको तीन देशका जलसेनाको सैनिक अभ्यास हुँदै छ ।

*तस्बिर : प्रेस टिभी*

# संयुक्त राष्ट्रसङ्घले वित्तीय सङ्कटको सामना गरिरहेको छ : गुटेरेस

न्युयोक, १७ माघ (एएनआई) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सदस्य राष्ट्रहरू वार्षिक योगदान र संरचनात्मक कोष जम्मा गर्ने विषयमा पछाडि परेको कारण विश्व निकाय वित्तीय सङ्कटको बाटोतर्फ गइरहेको चेतावनी दिनुभएको छ ।

परिस्थितिगत गम्भीरताको विवरण सहित संयुक्त राष्ट्रका सबै सदस्य राष्ट्रहरूलाई सम्बोधन गर्दै गुटेरेसले वित्तीय नियमहरूमा सुधार गर्न वा सङ्गठनको वित्तीय पतनको वास्तविकताको सामना गर्न आग्रह गर्नुभएको छ । अल जजिराका अनुसार उहाँले सम्बन्धित देशहरूलाई आफ्नो बकौता तिर्न पनि आह्वान गर्नुभएको छ ।

संस्थाको वित्तीय कमजोरीलाई उजागर गर्दै प्रवक्ता फरहान हकले विगतका वर्षहरूमा गरेजस्तै काम गर्न नगद भण्डार र तरलता नभएको पत्रकारहरूलाई बताउनुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बहुपक्षीय निकायका लागि वासिङ्टनको आर्थिक सहयोग कटौती गर्न कदम चालेको समयमा यो अपिल आएको हो । ट्रम्प प्रशासनले संयुक्त राष्ट्रका धेरै एजेन्सीहरूबाट फिर्ता हुने योजना घोषणा गरेको छ भने ट्रम्पले 'बोर्ड अफ पिस' को पहललाई पनि बढावा दिएको जनाइएको छ ।

विद्यमान प्रणालीअन्तर्गत, संयुक्त राष्ट्रसङ्घको सदस्यता शुल्क घरेलु उत्पादन, ऋण स्तर र आर्थिक क्षमता जस्ता कारकहरूको आधारमा गणना गरिन्छ, जसमा संयुक्त राज्य अमेरिकाले मुख्य बजेटको २२ प्रतिशत, भने चिनले २० प्रतिशत योगदान गर्दछ ।

यसैबिच गुटेरेसले सन् २०२५ को अन्त्यमा, एक अर्व ५७ करोड अमेरिकी डलर भुक्तानी बाँकी रहेको बताउनुभएको छ ।

सुधारको आवश्यकतालाई जाड दिँदै, उहाँले सबै सदस्य राष्ट्रहरूले पूर्ण र समयमै भुक्तानी गर्ने आफ्नो दायित्वका पूरा गर्नुपर्ने वा सदस्य राष्ट्रहरूले आसन्न वित्तीय पतन रोक्नका लागि विद्यमान नियमहरूलाई सुधार गर्नुपर्ने बताउनुभएको छ ।

आर्थिक दबाब बढ्दै जाँदा पनि संयुक्त राष्ट्रसङ्घले यस महिनाको सुरुमा सन् २०२६ का लागि तीन अर्ब ४५ करोड डलरको बजेट स्वीकृत गरेको छ जुन गत वर्षको तुलनामा ७ प्रतिशतले कम हो ।

सम्बोदन पत्रमा गुटेरेसले आगामी जुलाईसम्ममा संयुक्त राष्ट्रसङ्घको नगद भण्डारण समाप्त हुने सक्ने चेतावनी दिनुभएको छ ।

सङ्गठनको वेबसाइटमा प्रकाशित तथ्याङ्कले बिहीबारसम्म, संयुक्त राष्ट्रका १९३ सदस्य देशहरूमध्ये ३६ देशले मात्र आफ्नो नियमित २०२६ योगदानहरू पूर्ण रूपमा भुक्तान गरेको देखाउँछ ।

# गाजामा भएको इजरायली आक्रमणमा ११ जनाको मृत्यु

गाजा सिटी, १७ माघ (एएफपी) । गाजापट्टीमा शनिबार भएको इजरायली हवाई आक्रमणमा ११ जनाको ज्यान गएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार, उनीहरूले शरणार्थी शिविरमा शरण लिइरहेको अवस्थामा आक्रमण भएको थियो ।

हमास प्राधिकरण अन्तर्गतको मन्त्रालयका महाप्रबन्धक मुनीर अल-बर्शलाई उद्धृत गर्दै एएफपीले थप २० जना घाइते भएको तथा इजरायलले अपार्टमेन्ट र शिविरका नागरिकहरूलाई लक्षित गरि आक्रमणगरेको जनाएको छ ।

घाइतेहरू उपचारको लागि उत्तरमा गाजा सहर र दक्षिणमा खान युनिसको अस्पतालमा पुगेको बार्सले बताउनुभएको छ ।

इजरायलले "चिकित्सा आपूर्ति, औषधि र चिकित्सा उपकरणको गम्भीर अभावको बिचमा युद्धविराम सम्झौताको गम्भीर उल्लङ्घन जारी राखेको बार्सले जनाउनुभएको छ ।

अक्टोबरदेखि अमेरिकाले गरेको युद्धविराम जनवरीमा दोस्रो चरणमा पुगेको छ, जसमा हमासको नि:शस्त्रीकरण, क्रमिक इजरायली फिर्ती र अन्तर्राष्ट्रिय स्थिरीकरण बलको तैनाथी समावेश छ ।

इजरायल र हमासले बारम्बार एक-अर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएका छन् ।

हमासद्वारा सञ्चालित गाजाको सरकारी प्रेस कार्यालयले शनिबारको आक्रमणमा एक विस्थापित परिवारका सात जनाको मृत्यु भएको बताएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार अक्टोबर- १० मा युद्धविराम लागु भएदेखि ५०९ जनाको मृत्यु भएको छ ।

# कङ्गोमा खानी भत्किँदा कम्तीमा २०० जनाको मृत्यु

किन्शासा,१७ माघ (सिन्ह्वा) । अफ्रिकी देश कङ्गोको रुबाया क्षेत्रमा अवस्थित कोल्टान खानीहरूमा भएको भीषण दुर्घटनामा कम्तीमा २०० जना खानी मजदुरको ज्यान गएको छ । 'मार्च-२३' आन्दोलन (एम-२३) नामक विद्रोही समूहका एक प्रवक्ताले शुक्रबार उक्त घटनाको पुष्टि गरेका छन् ।

प्रवक्ताका अनुसार विभिन्न खानी सुरुङ अचानक भत्किँदा अधिकांश पीडितहरू खानीभित्रै माटोमा पुरिएका थिए । मृतकमध्ये महिला र बालबालिकासमेत रहेका छन्, जसले घटनाको गम्भीरता झन् बढाएको छ । दुर्घटनामा परेकाहरू अधिकांशजसो जीविकोपार्जनका लागि खानीमा काम गर्ने खानी मजदुरहरू रहेका थिए ।

बुधबार र बिहीबार रुबाया क्षेत्रका फरक-फरक कोल्टान खानीहरूमा एकपछि अर्को गर्दै सुरुङ भत्किने घटना भएको हो । रुबाया क्षेत्र सन् २०२४ को अप्रिल महिनादेखि एम-२३ विद्रोही समूहको नियन्त्रणमा रहेको बताइएको छ, जसका कारण उद्धार तथा राहत कार्यमा पनि कठिनाइ उत्पन्न भएको छ ।

संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार रुबाया क्षेत्रका खानीहरूले विश्वव्यापी टान्टालम आपूर्तिको करिब १५ प्रतिशत हिस्सा उत्पादन गर्दै आएका छन् ।

घटनापछि स्थानीय बासिन्दा र मानवअधिकार समूहहरूले खानी सुरक्षाको अवस्था, बालश्रम तथा अव्यवस्थित खानी उत्खननप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । हालसम्म पनि मृतकको यकिन पहिचान र विस्तृत विवरण सार्वजनिक भइसकेको छैन ।

***भदौ...***

कानुनबमोजिमको आदेशअनुसार गर्नुपर्ने काम नगरेको भन्ने अवस्थामा कानुनी कारबाही हुनसक्छ ।

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ मा कुनै राष्ट्रसेवकले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगो बराबरको जरिवाना गरी बिगो असुलउपर गरिने उल्लेख छ ।

यसैगरी मुलुकी अपराध संहिता २०७४ को दफा ८७ मा 'अधिकार प्राप्त अधिकारीको कानुनबमोजिमको आदेशअनुसार कानुनबमोजिम गर्नुपर्ने काम नगरी वा गर्न नहुने काम गरी त्यस्तो आदेशको अवज्ञा गर्न हुँदैन' भनी लेखिएको छ । सो कानुनमा यस्तो कसुर गर्ने व्यक्तिलाई ६ महिनासम्म कैद र पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

यी कानुनी व्यवस्थाको स्मरण गराउँदै महानगरका प्रमुख र सह-प्रवक्तालाई प्रश्न सोध्दा दुवैले यसमा कुनै जवाफ दिएका वा टिप्पणी गरेका छैनन् ।

सेनाले आगजनीमा सुरक्षा दिन नसकेको कुरा र सेनाले दमकललाई काम गर्न सुरक्षा दिन नसकेको/नचाहेको जोडिएका प्रसङ्ग हुन् । यदि सुरक्षाको कमी भएको कारण दमकल चलायमान नभएको हो भने यो प्रश्न पनि नेपाल सेनातर्फ तेर्सिन्छ । गौरीबहादुर कार्की जाँचबुझ आयोगले गोली किन लाग्यो र आगो कसले लगायो बाहेक आगो किन निभाइएन भन्ने पनि अनुसन्धान गर्नु जरूरी छ ।

***हिमालखबर डटकमबाट***

*- समाप्त*

## विश्व सङ्क्षेप

# चीन र अल्जेरियाबिच अन्तरिक्ष सहकार्य : नयाँ उपग्रह प्रक्षेपण

जियुचुआन, १७ माघ (सिन्ह्वा) । चीनले शनिबार अल्जेरियाका लागि एक उपग्रह सफलतापूर्वक प्रक्षेपण गरेको छ । उक्त प्रक्षेपण उत्तरपश्चिम चीनको जियुचुआन उपग्रह प्रक्षेपण केन्द्रबाट बिहान १२:०१ बजे (बीजिङ समय) 'लङ मार्च-२ सी' क्यारियर रकेटमार्फत सम्पन्न भएको हो । रकेटले अल्जेरियाली उपग्रहलाई निर्धारित कक्षमा राख्न सफल भएको छ । यस उपग्रहको मुख्य उद्देश्य भूमि योजना, प्राकृतिक प्रकोपहरूको रोकथाम, जोखिम मूल्याङ्कन र प्रकोप व्यवस्थापनमा सहयोग गर्नु हो ।

यो प्रक्षेपण चीनको लङ मार्च रकेट श्रृङ्खलाको ६२९ औँ मिशनको रूपमा पनि चिनिन्छ, जसले चीनको अन्तरिक्ष प्राविधिक क्षमतामा निरन्तर उन्नति भएको सङ्केत गर्छ । यो प्रक्षेपण चीन र अल्जेरियाबिचको अन्तरिक्ष सहकार्यको पनि उदाहरण हो, जसले दुवै देशलाई विज्ञान र प्रविधिको क्षेत्रमा नयाँ अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# क्यानडाको अर्थतन्त्रमा सेवा क्षेत्रको महत्त्वपूर्ण भूमिका

ओटावा, १७ माघ (सिन्ह्वा) । क्यानडाको वास्तविक कुल गार्हस्थ्य उत्पादन (जीडीपी) नोभेम्बर सन् २०२५ मा लगभग स्थिर रहेको छ । वस्तु उत्पादन गर्ने उद्योगहरूमा आएको सङ्कुचनले सेवा क्षेत्रको विस्तारलाई सन्तुलनमा ल्याएको तथ्याङ्क क्यानडाले शुक्रबार सार्वजनिक गरेको छ ।

राष्ट्रिय तथ्याङ्क निकाय क्यानडाका अनुसार नोभेम्बर महिनामा वस्तु उत्पादन गर्ने उद्योगहरू ०.३ प्रतिशतले घटेका छन् । पछिल्ला चार महिनामध्ये यो तेस्रोपटक गिरावट आएको हो । यस गिरावटको मुख्य कारण उत्पादन (म्यानुफ्याक्चरिङ) क्षेत्र तथा कृषि, वन, माछापालन र सिकारसम्बन्धी क्षेत्रहरूमा आएको सङ्कुचन रहेको छ ।

यता सेवा उत्पादन गर्ने उद्योगहरू भने ०.१ प्रतिशतले बढेका छन् । खुद्रा व्यापार, शैक्षिक सेवा, तथा यातायात र भण्डारण क्षेत्रहरूमा देखिएको विस्तारले सेवा क्षेत्रलाई सकारात्मक बनाएको तथ्याङ्क क्यानडाले जनाएको छ ।

प्रारम्भिक तथ्याङ्कअनुसार डिसेम्बर २०२५ मा वास्तविक जीडीपी ०.१ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ । यस अवधिमा उत्पादन र थोक व्यापार क्षेत्रमा वृद्धि देखिए पनि खानी, ढुङ्गा उत्खनन तथा तेल र ग्यास उत्खनन क्षेत्रमा आएको गिरावटले समग्र वृद्धिलाई आंशिक रूपमा सन्तुलनमा ल्याएको छ ।

डिसेम्बरको अनुमानसमेत समेट्दा, उद्योगगत वास्तविक जीडीपीको आधारमा क्यानडाको अर्थतन्त्र सन् २०२५ को चौथो त्रैमासिकमा ०.१ प्रतिशतले घटेको देखिन्छ भने समग्र सन् २०२५ मा अर्थतन्त्र १.३ प्रतिशतले वृद्धि भएको तथ्याङ्क क्यानडाले जनाएको छ ।

# अमेरिकी सरकार आंशिक शटडाउनमा प्रवेश

वासिङ्टन, १७ माघ (सिन्ह्वा) । अमेरिकी सिनेटले सरकारी खर्चसम्बन्धी महत्त्वपूर्ण मतदानमा अवरुद्ध गरेपछि सङ्घीय सरकारले आंशिक शटडाउन घोषणा गरेको जनाइएको छ । यद्यपि अवरोधहरू भने सीमित हुने अपेक्षा गरिएको जनाइएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आप्रवासन नीतिलाई लिएर ह्वाइट हाउस र सिनेट डेमोक्रेटबिच बढेको गतिरोधका कारण शनिबार मध्यरात पछि सटडाउन सुरु भएको जनाइएको छ ।

सङ्घीय अध्यागमन एजेन्टहरूद्वारा मिनियापोलिसमा दुई जना प्रदर्शनकारीको हत्यामा डेमोक्र्याटहरूले रिसाएर प्रतिक्रिया दिएपछि सुरक्षा विभागको लागि नयाँ कोषका लागि वार्ता असफल भएको स्थानीय मिडियाले जनाएका छन् ।

यसैबिच सिनेटर डिक डर्बिनले सामाजिक सञ्जालमा "लागु औषध तस्कर, बाल शिकारी र मानव बेचबिखन गर्नेहरूलाई पछ्याउनुको सट्टा, ट्रम्प प्रशासनले शिकागो र मिनियापोलिसमा शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई लक्षित गरी बहुमूल्य स्रोतहरू बर्बाद गरिरहेको बताएका छन् ।

# मध्यपूर्व तनावबिच अमेरिका-इजरायल-साउदी अरब हतियार सम्झौता

वासिङटन, १७ माघ (एपी) । संयुक्त राज्य अमेरिकाले इजरायल र साउदी अरबलाई ठूलो परिमाणमा हतियार बिक्री स्वीकृत गरेको छ । ट्रम्प प्रशासनले इजरायलका लागि ६ अर्ब ६७ करोड अमेरिकी डलर र साउदी अरबका लागि नौ अर्ब अमेरिकी डलर बराबरको हतियार सम्झौता अनुमोदन गरेको छ ।

अमेरिकाले साउदी अरबलाई ७३० वटा पैट्रियट मिसाइल र सम्बन्धित उपकरणहरू दिइने छन्, जसले क्षेत्रीय हवाई र मिसाइल रक्षा क्षमता बढाउनेछ । इजरायलले बख्तरबन्द ,३० वटा 'एपाच' हेलिकप्टर र तीन हजार २५० हल्का ट्याक्टिकल वाहनहरू खरिद गर्ने छन् । एपाच हेलिकप्टर र उपकरणको लागत तीन अर्ब ८० करोड अमेरिकी डलर र हल्का ट्याक्टिकल वाहनको लागत एक अर्ब ९८ करोड अमेरिकी डलर रहेको छ ।

अमेरिकी प्रशासनले यी बिक्रीले क्षेत्रीय सैन्य सन्तुलनमा प्रतिकूल असर नपर्ने र दुवै देशलाई आफ्नो सीमा र जनसङ्ख्या केन्द्रको सुरक्षा सुनिश्चित गर्न सहयोग पुग्ने भनेका छन् । यद्यपि केही अमेरिकी नेताहरूले यस सम्झौता अघि बढाइएको आरोप लगाएका छन् । यो निर्णय मध्यपूर्वमा बढ्दो तनाव र सम्भावित सैन्य गतिविधिसँग सम्बन्धित रूपमा आएको हो ।

# राजनीतिक दलहरूलाई निर्वाचन आचारसंहिता र घोषणापत्रसम्बन्धी ध्यानाकर्षण

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानले निर्वाचन आयोगमा दर्ता कायम रहेका राजनीतिक दलहरूलाई निर्वाचन आचारसंहिता र घोषणापत्रसम्बन्धी ध्यानाकर्षण गरेको छ ।

उक्त ध्यानाकर्षण पत्रमा भनिएको छ -

निर्वाचन आचारसंहिता र घोषणापत्रसम्बन्धी ध्यानाकर्षण सम्बन्धमा ।

नेपालको संविधान, २०७२, बालबालिकासम्बन्धी ऐन, २०७५, बाल अधिकारसम्बन्धी महासन्धि १९८९, राष्ट्रिय बालबालिका नीति, २०८०, दिगो विकास लक्ष्यलगायत बालबालिकाको मानव अधिकारसम्बन्धी अन्य विश्वव्यापी, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिबद्धता, प्राथमिकताबमोजिम बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि नेपाल संवैधानिक, कानुनी, नीतिगत, संस्थागत तथा कार्यक्रमिक रूपमा प्रतिबद्ध रहेको विदितै छ । सङ्घीयता कार्यान्वयनसँगै तीनै तहका राजनीतिक नेतृत्वको बाल अधिकारसम्बन्धी विषयको अपनत्व तथा प्रतिबद्धता, सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक सङ्गठन, विकास साझेदार, निजी क्षेत्र, सञ्चार माध्यम सबैको चासो तथा संयुक्त प्रयास स्वरूप बालबालिकाको गुणात्मक तथा मात्रात्मक स्थितिमा सुधार ल्याउन सकिएको छ । प्रदेश तथा स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाहका विषयमा प्रसस्त उदाहरणीय कार्यहरू पनि भएका छन्, यद्यपि राज्यको तीनै तहमा बाल अधिकारको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित नतिजा ल्याउन भने अझै प्रयास गर्नुपर्ने देखिएको छ ।

२०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलन फागुन २१ गतेको आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा सबै राजनीतिक दलहरूले निर्वाचन आयोगले प्रकाशन गरेको आचारसंहिता पूर्ण पालना गर्न तथा बाल अधिकारको विषयलाई पहिलो प्राथमिकताका साथ राखी आ-आफ्ना घोषणापत्रमा देहायका विषयहरू समावेश गर्नका लागि यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) ले हार्दिक अनुरोध गरेको छ ।

**निर्वाचन आचारसंहिता २०८२ मा बालबालिकासँग सम्बन्धित पालना गर्नुपर्ने बुँदाहरू -**

- निर्वाचन आचारसंहिता, २०८२, परिच्छेद-२ को सबैले पालना गर्नुपर्ने आचरण अनुसार (ग) मा कुनै सरकारी वा अर्ध-सरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,
- निर्वाचन आचारसंहिता, २०८२ को सबैले पालना गर्नुपर्ने आचरणअनुसार ( छ) मा बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने व्यवस्था उल्लेख गरिएको छ ।

**निर्वाचन आचारसंहितामा समावेश गरिएका बुँदाहरू पालना गर्न अनुरोध गर्दै आफ्नो पार्टीको निर्वाचन घोषणापत्रमा तपसिलका सवालहरू समावेश गर्न हार्दिक अनुरोध गरिएको छ ।**

१. बाल अधिकारको संरक्षण, सम्मान, संवर्धन र प्रवर्द्धन गर्दै बालअधिकारका चार सिद्धान्तहरू गैरविभेदीकरण, सर्वोत्तम हित, दीर्घजीवन र विकास तथा विचार र भावनाको कदर गर्दै बालबालिकाको बाच्न पाउने, संरक्षण, विकास र सहभागी हुन पाउने अधिकारको सुनिश्चितताका लागि आवश्यक पर्ने ऐन, नीति र कानुनहरूको परिमार्जन तथा निमाण गर्ने,

२. सबै स्थानीय तह, प्रदेश र सङ्घमा बाल अधिकार सुनिश्चितताका निम्ति नेपालको संविधान, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय बालबालिका नीति, २०८०, लगायतका विश्वव्यापी आवधिक समीक्षाले दिएका सुझावहरू, दिगो विकास लक्ष्य, बालबालिकासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा प्रतिबद्धता जनाएअनुसारको व्यवस्थाको पूर्ण कार्यान्वयन गर्ने,

३. सबै स्थानीय तह, प्रदेश र सङ्घले बालबालिकाका लागि निश्चित प्रतिशत बजेट अनिवार्य विनियोजनको व्यवस्था गर्ने,

४. बालमैत्री स्थानीय शासन, बालविवाह मुक्त स्थानीय तह, बालश्रम मुक्त स्थानीय तह, पोषणयुक्त स्थानीय तह, वातावरणमैत्री स्थानीय तह, बाल हिंसामुक्त स्थानीय तह, सडक बालबालिका मुक्त स्थानीय तह, बालबालिका राष्ट्रिय गौरव हुन्, विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन् जस्ता बालबालिकाको हक हित र अधिकारको सुनिश्चितता गर्ने विषयलाई पहिलो प्राथमिकतामा राखी काम गर्ने,

५. शिक्षा बालमैत्री, गुणस्तरीय, नि:शुल्क, अनिवार्य र विद्यालयलाई शान्ति क्षेत्र (Schools as Zones of Peace) को रूपमा पूर्ण कार्यान्वयन गर्दै विद्यालयमा बालमैत्री पूर्वाधार, सुरक्षित शौचालय, खानेपानी र अपाङ्गतामैत्री संरचना निर्माण, विद्यालय बाहिर रहेका बालबालिकाको पुन: भर्ना र निरन्तरताका साथै प्राविधिक र व्यवहारिक शिक्षालाई पहिलो प्राथमिकता दिने,

६. पोषण कार्यक्रमअन्तर्गत ५ वर्षमुनिका बालबालिकाका लागि बाल पोषण भत्ता कार्यक्रमको विस्तार, विद्यालय दिवा खाजालाई हाल भइरहेको पाँच कक्षासम्मलाई विस्तार गरी १० कक्षासम्म पुर्‍याउने, देशभरका ५ वर्षमुनिका बालबालिकालाई पोषण भत्ता उपलब्ध गराउने,

७) बालबालिकाको मानसिक स्वास्थ्य तथा सरसफाइसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउनका निम्ति सबै विद्यालयमा एक विद्यालय एक नर्सको व्यवस्था गर्ने, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको पहुँच विस्तार गर्ने,

८. बदलिदो समयको मागलाई सम्बोधन गर्नका निम्ति सबै विद्यालयमा एक कम्प्युटर शिक्षकको व्यवस्था गर्ने,

९. बालबालिकासम्बन्धी ऐनको दफा ४८ मा व्यवस्था गरिएअनुसारका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितता गर्ने,

१०. बालसंवेदनशील सामाजिक सुरक्षा अन्तर्गत गरिब, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका, अटिजम भएका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अति विपन्न र सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्था गर्ने,

११. विपद्, दुर्घटना, हिंसा, दुर्व्यवहार, आन्दोलन, प्रदर्शन, सवारी दुर्घटना, सहिद तथा बेपत्ता भएका कारण अभिभावक गुमाएका, अभिभावक अङ्गभङ्ग भई बालबालिकाको संरक्षण गर्न असमर्थ रहेका, आयआर्जन गर्न नसक्ने अवस्थामा रहेका अभिभावकका बालबालिकाको सर्वोत्तम हित र सर्वाङ्गीण विकासको निम्ति उचित बाल संवेदनशील सेवा प्रवाह गर्ने,

१२. बाल सहभागिता र सशक्तीकरण ( नीति निर्माण प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता (बाल क्लव तथा बाल सञ्जालको संस्थागत सुदृढीकरण (बाल नेतृत्व विकास र जीवनोपयोगी सीप कार्यक्रम सञ्चालन गरिने,

१३. न्यायमा पहुँच र बालमैत्री न्याय प्रणाली (बालमैत्री प्रहरी, अदालत र कानुनी प्रक्रिया सुदृढीकरण (बाल अपराध पीडित तथा साक्षीका लागि सुरक्षित र गोप्य न्याय प्रक्रिया (वैकल्पिक सुधारात्मक न्याय प्रणालीको प्रवर्द्धन गरिने,

१४. अपाङ्गता भएका बालबालिका र समावेशिता (अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षा र स्वास्थ्य सेवा) सहायक उपकरण, पुनर्स्थापना सेवा र विशेष शिक्षकको व्यवस्था तथा नीति र बजेटमा अपाङ्गता-समावेशी दृष्टिकोण राखिने,

१५. बालबालिका र वातावरण (स्वच्छ वातावरणमा बाँच्ने), बालअधिकार सुनिश्चितता (जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणमा बालकेन्द्रित नीति), सुरक्षित खेलमैदान तथा हरित सार्वजनिक स्थानको विकास गरिने,

१६. सबै स्थानीय तहमा स्रोतसाधनसहितको बालबालिका शाखा, बाल कल्याण अधिकारीको नियुक्ति, वडा र स्थानीय तथा प्रदेश बाल अधिकार समिति गठन, समुदाय र विद्यालय ( सामुदायिक र निजी) मा बाल क्लब गठन, वडा र स्थानीय तहमा बाल क्लब सञ्जालको व्यवस्था गरी बाल अधिकार प्रणालीको सवलीकरण गर्ने,

१७. तीनै तहमा बाल संरक्षणका घटना व्यवस्थापन प्रणालीको स्थापना तथा सुदृढीकरण साथै कार्यविधिसहितको बाल कोषको व्यवस्था गर्ने,

१८. तिनै तहका सरकारका निकायहरूमा बालबालिकाका विषयमा छलफल हुने र निर्णय हुने कार्यक्रम, बैठक, समितिहरूमा बालबालिकाको अनिवार्य अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने,

१९. डिजिटल युगमा अनलाइनमार्फत हुने दुर्व्यवहार, हिंसा, मानसिक समस्या, साइबर बुलिङ, डिजिटल लत तथा बालबालिकाको अनलाइन तथा डिजिटल डिभाइसहरूका कारण हुने जोखिम र साइबर अपराधहरू बालबालिकालाई संरक्षण गर्ने,

२०. बालिका र किशोरीहरूको क्षमता अभिवृद्धिका लागि आत्म सुरक्षा तालिम, खेलकुद, सशक्तीकरण कार्यक्रमहरू गर्ने,

२१. समाचार माध्यमलाई सत्य तथ्यमा आधारित सकारात्मक समाचार प्रचारप्रसार गरी सभ्य र शान्तिपूर्ण समाजको निर्माण गर्ने,

२२. राजनीतिक गतिविधिमा कसैको पक्षपोषण गर्नका निम्ति भ्रामक समाचार, सनसनीपूर्ण समाचार, विभत्स र अश्लील तस्वीरहरू देखिने खालका चित्रहरूको प्रकाशन र प्रसारणमा सुरक्षा अपनाई अनलाईन सुरक्षालाई पनि नियमन गर्ने,

२३. विशेष संरक्षणको आवश्यकता र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा (१०९८), बालबालिका खोजतलास समान्वय सेवा (१०४)लाई स्रोत साधन सम्पन्न बनाई विस्तार गर्ने,

२४. बालबालिकाका क्षेत्रमा गरिएको लगानीको विश्लेषण गर्न र जवाफदेही तथा पारदर्शिता अपनाउनका निम्ति बालबालिका उत्तरदायी बजेट सङ्केतको कार्यान्वयन गर्ने, बालबालिकाका निम्ति संरक्षण प्रणालीलाई संवैधानिक रूपमा व्यवस्थित गर्नका निम्ति राष्ट्रिय बाल अधिकार निर्माण गर्ने,

२५. बाल सुधार गृहलाई हिंसात्मक गतिविधिबाट मुक्त गराउनका लागि औपचारिक शिक्षा, व्यवहारिक र प्राविधिक शिक्षा, सीपमूलक शिक्षा, क्षमता विकासका कार्यक्रमहरू, खेलकुदलगायतका विषयमा समावेश गरी पूर्ण व्यस्त रहने र बाल सुधार गृहको क्षमता अनुसार मात्र बालबालिकालाई राख्ने व्यवस्था गरिने तथा ५ हजारभन्दा कम जरिबाना तोकिएका बालबालिकालाई बालकल्याण अधिकारको पूर्ण निगरानीमा हुने गरी दिशान्तर प्रक्रिया अपनाउने आदि ।

# डिजिटल पर्दाभित्र हराउँदै गरेको पुस्ता र आधुनिक शिक्षाको अग्निपरीक्षा

✍ इकुश्रे

एक्काइसौँ शताब्दीको उत्तरार्द्धतिर आइपुग्दा मानव सभ्यताले प्रविधिको क्षेत्रमा अभूतपूर्व फड्को मारेको छ । सूचना र सञ्चारको यो तीव्रताले मानव जीवनलाई सहज र गतिशील त बनाएको छ, तर सँगसँगै यसले हाम्रा हुर्कँदै गरेका बालबालिकाको मनोविज्ञान र मौलिक सिकाइ प्रक्रियामा एउटा जटिल सङ्कट पनि निम्त्याएको छ । आजका बालबालिका 'डिजिटल नेटिभ' हुन्, जो हातमा कलम समात्नुभन्दा पहिले मोबाइलको स्क्रिन र इन्टरनेटको संसारमा अभ्यस्त भइसकेका छन् । यो प्राविधिक विकासको एउटा उज्यालो र प्रगतिको पाटो हो भने अर्कोतर्फ यसैको लतले निम्त्याएको विचलन आजको शैक्षिक जगत् र सम्पूर्ण मानव सभ्यताका लागि सबैभन्दा ठुलो चुनौती बनेको छ । प्रविधि आफैँमा समस्या होइन, तर यसको अनियन्त्रित प्रयोगले बालबालिकाको कल्पनाशीलता र प्राकृतिक विकासमा लगाएको पर्खाल पक्कै पनि चिन्ताको विषय हो ।

आजको पारिवारिक संरचनामा आएको तीव्र परिवर्तनले यस समस्यालाई थप मलजल गरेको देखिन्छ । आधुनिक परिवारहरू साना र सुविधामुखी हुँदै जाँदा सन्तानहरू अत्यधिक स्नेह र सुरक्षाको घेरामा हुर्किएका छन् । "छोराछोरीले मागेको कुरा पुर्‍याइदिनु नै असल अभिभावकत्व हो" भन्ने एउटा गम्भीर भ्रम आजको समाजमा व्याप्त छ । यही भ्रमका कारण बालबालिकाहरूमा हठ र जिद्दीपना बढ्दै गएको छ ।

बाबुआमा दुवै वा दुईमध्ये एक विदेशमा हुने बालबालिका पनि धेरै छन् । आफ्ना छोराछोरी राम्रो पढ्छन् भनेर विदेशबाट तिनले महँगा फोन पठाइदिएका हुन्छन् । एकातिर चञ्चल उमेर, अर्कोतिर नियन्त्रणविहीन र साथमा महँगो मोबाइल ! यति भएपछि त्यस्ता विद्यार्थीहरू कसले भनेको मानून् ! अभाव, प्रतीक्षा र अस्वीकारलाई कहिल्यै झेल्न नपर्दा उनीहरूको संवेगात्मक बौद्धिकता अत्यन्तै कमजोर बन्दै गएको छ । परिणामत: विद्यालयबाट घरमा पुग्नेबित्तिकै मोबाइल नपाउँदा रिसाउने, खाना नखाइदिने वा कोठामा थुनिएर बस्ने जस्ता व्यवहारहरू उनीहरूले एक प्रकारको 'रक्षात्मक अस्त्र' का रूपमा प्रयोग गरिरहेका छन् । यो अनुशासनको कमी मात्र नभएर गहिरो डिजिटल लतको लक्षण हो, जसले उनीहरूको मस्तिष्कलाई भर्चुअल संसारको कृत्रिम आनन्दमा कैद गरिसकेको छ ।

यसको ठीक विपरीत, अभावका बिच सङ्घर्ष गरिरहेको एउटा वर्ग पनि छ । स्कूलबाट फर्किनासाथ श्रमको काममा रातिसम्म इँटाभट्टामा पसिना बगाउनुपर्ने, खेतबारीमा काम गर्नुपर्ने र बिहान पनि निद्रा नपुगी उठेर घरधन्दामा जुट्न बाध्य हुने विद्यार्थीले श्रम र जिन्दगीको मात्रै होइन, मानव जीवनकै वास्तविक महत्त्व बुझेको हुन्छ । जसले अभाव, भोक र पसिनासँग साक्षात्कार गरेको छ, त्यस्ता विद्यार्थी डिजिटल स्क्रिनको कृत्रिम लतमा फस्ने कुरै हुँदैन । वास्तवमा, सङ्घर्षले खारिएका तिनै बालबालिकाहरूले पछि गएर जीवनमा उदाहरणीय उन्नति गर्छन् किनकि उनीहरूलाई प्रविधिको भर्चुअल संसारभन्दा जीवनको यथार्थ धेरै प्यारो र मूल्यवान् हुन्छ । उनीहरूका लागि प्रविधि एउटा साधन मात्र हो, तर सुविधाभोगी पुस्ताका लागि यो साध्य नै बनिसकेको छ ।

तर, आज ठुलो सङ्ख्यामा रहेका सुविधाभोगी विद्यार्थीहरूको संज्ञानात्मक क्षमता, ध्यान र स्मृति शक्तिमा भने निकै ऱ्हास आएको देखिन्छ । लामो समयसम्म मोबाइलको छिटोछिटो परिवर्तन भइरहने दृश्य र भिडियोहरूमा अभ्यस्त भएको मस्तिष्कले किताबका स्थिर अक्षरहरू र शिक्षकका गम्भीर कुराहरूमा एकाग्रता जनाउन सक्दैन । मनोविज्ञानको दृष्टिमा भन्दा बालबालिकाको 'अटेन्सन स्प्यान' अर्थात् एकाग्रताको अवधि निकै छोटिएको छ । शिक्षकले कक्षामा पाठ पल्टाउन आग्रह गर्दा पृष्ठ सङ्ख्या सोध्नु वा किताब अगाडि भएर पनि विषयवस्तुमा प्रवेश गर्न नसक्नु यसैको परिणाम हो । उनीहरूको मस्तिष्कले 'इन्स्ट्यान्ट डोपामाइन' खोजिरहेको हुन्छ, जुन किताबको गम्भीर अध्ययनबाट सम्भव छैन । अर्कोतिर, अभिभावकहरू आफ्ना सन्तानको यो व्यवहारबाट आजित भएर "घरमा भनेको मान्दैन, तपाईंहरूले नै केही गरिदिनुस्" भन्दै विद्यालयसँग निरीह गुहार मागिरहेका भेटिन्छन् । यद्यपि, विद्यालयको केही घण्टाको प्रयासले मात्र घरको २४ घण्टाको लत र वातावरणलाई निर्मूल पार्न सम्भव हुँदैन ।

डिजिटल लतको यो समस्या हाम्रो समाजमा मात्र सीमित छैन, यो एक विश्वव्यापी चुनौतीका रूपमा देखा परेको छ । विकसित देशहरूले यस समस्यालाई समाधान गर्न विभिन्न नवीन र व्यावहारिक उपायहरू अपनाइरहेका छन् । स्क्यान्डिनेभियन मुलुकहरू जस्तै फिनल्यान्ड र नर्वेमा बालबालिकालाई प्रकृतिसँग जोड्ने 'आउटडोर लर्निङ' लाई प्राथमिकता दिइन्छ । त्यहाँ प्रविधिलाई साधनका रूपमा प्रयोग गरिन्छ तर माटोको काम, शारीरिक खेल र सामाजिक अन्तरक्रियालाई अनिवार्य बनाइएको छ । त्यसैगरी, फ्रान्सले विद्यालय हाताभित्र पन्ध्र वर्षमुनिका विद्यार्थीका लागि मोबाइल फोन प्रयोगमा पूर्ण प्रतिबन्ध लगाएको छ भने दक्षिण कोरियामा सरकारले नै 'डिजिटल डिटोक्स' शिविरहरू सञ्चालन गर्छ । यी अन्तर्राष्ट्रिय अभ्यासहरूले के देखाउँछन् भने, प्रविधिको समस्याको समाधान प्रविधि मात्र होइन, बरु मानवीय सम्बन्ध, प्राकृतिक सामिप्य र शारीरिक सक्रियताको पुनर्स्थापना पनि हो ।

बालबालिकाको यो फेरिएको प्रवृत्तिलाई बदल्न अब शिक्षक र शैक्षिक संस्थाहरूले पनि आफ्नो भूमिकामा पुनरावलोकन गर्नुपर्ने बेला आएको छ । केवल "हाम्रो पालामा यस्तो हुन्थ्यो" भनेर पुरानै ढर्राको उपदेश दिएर आधुनिक पुस्तालाई परिवर्तन गर्न सम्भव छैन । यदि विद्यार्थीको रुचि डिजिटल माध्यममा छ भने, शिक्षा प्रणालीले पनि आफूलाई सोही अनुरूप परिमार्जन गर्नुपर्दछ । अबको कक्षाकोठा 'किताबरहित र प्रविधिसहित' को अवधारणामा अघि बढ्न आवश्यक छ । मोबाइललाई निषेध गर्नुको सट्टा त्यसलाई ज्ञानको स्रोतका रूपमा प्रयोग गर्ने गरी कक्षाकोठामा प्रवेश गराउनु नै बुद्धिमानी हुनेछ । जब पाठ्यपुस्तकका नीरस पाठहरूलाई डिजिटल सामग्री, एनिमेसन र अन्तक्रियात्मक खेलका माध्यमबाट प्रस्तुत गरिन्छ, तब मात्र विद्यार्थीको ध्यान मोबाइलको गेमबाट हटेर सिकाइतर्फ मोडिन सक्छ । शिक्षालाई प्रविधिबाट अलग राख्नुभन्दा प्रविधिलाई शिक्षाको सहयोगी बनाउनु नै समयको माग हो ।

यद्यपि, यो रूपान्तरण विद्यालयको प्रयासले मात्र सम्भव छैन । यसका लागि घरको वातावरणमा आमूल परिवर्तन हुनु जरुरी छ । बालबालिकाले जे सुन्छन्, त्यो भन्दा बढी जे देख्छन्, त्यही सिक्छन् । यदि अभिभावकहरू बालबालिकाको अगाडि आफू स्वयं मोबाइलमा झुम्मिने, सामाजिक सञ्जालमा समय बिताउने तर बालबालिकालाई चाहिँ नचलाउ भनेर गाली गर्ने हो भने त्यसको कुनै प्रभाव पर्दैन । अभिभावकले पुस्तक पढ्ने वा घरधन्दामा बालबालिकालाई सँगै सहभागी गराउने हो भने उनीहरूको ध्यान मोबाइलबाट बिस्तारै मोडिन सक्छ ।

डिजिटल लतले बालबालिकाको सामाजिकीकरण प्रक्रियालाई अवरुद्ध गरेको छ । उनीहरू एउटै कोठामा बसेर पनि संवादहीन अवस्थामा रहन्छन् । यसले उनीहरूमा समानुभूति र सहयोगी भावनाको कमी गराइरहेको छ । त्यसैले, शैक्षिक संस्थाहरूले अब बालबालिकाको 'आइक्यू' (इन्टेलिजेन्स क्वेसन) सँगसँगै तिनको 'ईक्यू' ( इमोसनल क्वेसन) र 'एसक्यू' (सोसल कन्सेन्ट) विकासमा पनि उत्तिकै लगानी गर्नुपर्ने देखिन्छ ।

आजको बदलिँदो परिस्थितिमा आधुनिक शिक्षाले विद्यार्थीलाई प्रविधि चलाउन मात्र होइन, प्रविधिलाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्न सक्ने 'डिजिटल साक्षर' नागरिक बनाउन केन्द्रित हुनुपर्दछ । विद्यालयमा 'मिडिया लिटरेसी' का कक्षाहरू सञ्चालन गरिनुपर्छ, जहाँ बालबालिकालाई इन्टरनेटको संसारमा पाइने सूचना र भ्रमबिचको भिन्नता छुट्याउन सिकाइयोस् । आर्टिफिसियल इन्टेलिजेन्सको यो युगमा सूचनाको कमी छैन तर कुन सूचना सही हो र कुन गलत भन्ने छुट्याउन सक्ने विवेकको कमी छ । शिक्षाले यही विवेक निर्माण गर्नुपर्छ ।

अन्तत:, यो समस्याको समाधान शिक्षक, अभिभावक र प्रविधिबिचको त्रिकोणात्मक सन्तुलनमा निहित छ । हामीले हाम्रा सन्तानलाई मोबाइलको स्क्रिनबाट बाहिर निकालेर जीवनको वास्तविक रङहरू, झरीको स्पर्श, माटोको सुगन्ध र श्रमको महत्त्वसँग परिचित गराउनैपर्छ । जबसम्म एक बालकले जोकोहीसँग पनि आँखामा आँखा जुधाएर कुरा गर्न र अरूको दु:खमा भावुक हुन सिक्दैन, तबसम्म प्रविधिको विकासले मात्र मानव सभ्यताको भलो गर्दैन । किताब र मोबाइलको यो द्वन्द्वलाई समन्वय र सहकार्यमा बदल्न सके मात्र हाम्रो शैक्षिक लगानी सार्थक हुनेछ र भोलिको पुस्ता मानसिक र बौद्धिक रूपमा सबल बन्नेछ ।

# हार्दिक समवेदना



## मिराज ताम्राकार

**जन्म :२०६७।१२।२७ निधन : २०८२।१०।०६**

यस विद्यालयमा गत शैक्षिक वर्षमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी मिराज ताम्राकारको अल्पायुमै निधन भएकोमा हामी विद्यालय परिवार मर्माहत भएका छौं। आज बाह्रौं दिनको पुण्यतिथिमा मृतात्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**जेन्यूइन स्कूल परिवार**

देकोचा-१०, भक्तपुर

# निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर

कालीकोट, १७ माघ। नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा पार्टीको ५२ औं स्थापना दिवसका अवसरमा कार्यकर्ता भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले पार्टी स्थापनाका आधारहरूको चर्चा गर्दै नेपालको कम्युनिस्ट आन्दोलनको संशोधनवादी धारलाई चुनौती दिँदै पार्टीको मुख्य उद्देश्यलाई बचाउनु मुख्य जिम्मेवारी ठानेर पार्टीको स्थापना गरिएको बताउनुभयो।

निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर भएको र निर्वाचनमार्फत पार्टीको विचार, नीति, सिद्धान्तका साथै शासक दलहरूका विकृति र पुँजीवादी व्यवस्थाका खराबी जनताको बिचमा लिने सुनौलो अवसर भएको बताउनुभयो। यो निर्वाचन देश जोगाउने र देशलाई सिक्किमीकरण गर्नेहरूका बिचको लडाइँ भएको हुँदा देश जोगाउन नेमकिपालाई मतदान गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा पार्टी जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले नेमकिपालाई विजयी गराएको खण्डमा हाम्रा प्रतिनिधिले पार्टीको घोषणापत्रको अधीनमा रहेर जनताको सेवामा समर्पित रहने बताउनुभयो। नेपाल मजदुर किसान पार्टीको स्वार्थ देश र जनताको सेवाबाहेक बरु केही नरहेको उहाँले बताउनुभयो।

कार्यक्रममा पार्टी जिल्ला समिति सचिव धनञ्जय अधिकारी, शुभकालीका गापा वडा नं. ३ का वडाध्यक्ष प्रकाशबहादुर शाही, निर्वाचन परिचालन समितिका संयोजक खडानन्द अधिकारी र कृष्णप्रसाद अधिकारीले पनि बोल्नुभएको थियो।

# सिद्धान्तहीन दलले देश र जनताको सेवा नगर्ने

दैलेख, १७ माघ। नेपाल मजदुर किसान पार्टी गुराँस गाउँपालिका दैलेखको आयोजनामा घोडाबासमा 'राज्यको शासन व्यवस्था र चुनावी अवस्था' विषयक अन्तरक्रिया कार्यक्रम भयो।

उक्त कार्यक्रममा कर्णाली प्रदेश सदस्य उदयजङ शाहीले पुरानो होस् या नयाँ पुँजीवादी र नक्कली कम्युनिस्ट पार्टीले बहुमत जनताको सेवा नगर्ने विचार व्यक्त गर्नुभयो।

सिद्धान्तहीन र उद्देश्यहीन कुनै पनि राजनीतिक दलले देश र जनताको निम्ति सही मार्ग निर्देश गर्न नसक्ने विचार व्यक्त गर्दै उहाँले अहिलेको आवश्यकता देश जोगाउने र बनाउने हो भन्नुभयो।

नेमकिपा दैलेख जिल्ला समितिका अध्यक्ष एवं प्रतिनिधिसभाका उम्मेदवार जगत वलीले अहिले हुन लागेको निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण हुनुपर्ने आवश्यकता औँल्याउँदै जनताले सही राजनीतिक दल र सच्चा उम्मेदवार छान्नुपर्ने बेला आएको छ भन्नुभयो।

कार्यक्रममा बिन्दुलाल रेग्मीले सिद्धान्तविनाको राजनीति कम्पासबिनाको यात्रीजस्तै हुने बताउनुभयो। कार्यक्रममा सीता शाही, दानबहादुर गुरुङ, हस्तबहादुर घले गुरुङले पनि बोल्नुभएको थियो।

***कानुन...***

संसदीय निर्वाचन नभई स्थानीय तहको निर्वाचनजस्तो देखिएको भन्दै सैद्धान्तिक छलफल र देशको नीति निर्माणको पक्ष ओझेलमा परेको बताउनुभयो।

सांसद गोसाईले शासक दलहरूले प्रदेशसभालाई नीति निर्माणको थलो नभई बजेट भागबन्डाको थलो बनाइरहेको बताउनुभयो।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा अधिवक्ता शमशेरबहादुर न्हुछेप्रधानले प्रकाशित पत्रिकाको समीक्षा गर्नुभयो भने ख्वप कलेज अफ लका प्राचार्य एवं अधिवक्ता अनिता जधारी, अधिवक्ता गम्बीरमान ज्याख्व र अधिवक्ता सुन्दर राजचलले पनि बोल्नुभयो।

***युवा...***


विदेशीको स्वार्थपूर्तिको लागि प्रतिनिधिसभामा हुने सदस्यलाई खबरदारी गर्न र आत्मनिर्भरतासहित देशको समृद्धिको लागि आवश्यक नीति नियम बनाउन नेमकिपाका प्रतिनिधिहरू अनिवार्य भएको बताउनुभयो।

पार्टी नगर समितिका सदस्य विष्णुराम दुमरुको सभापतित्वमा भएको उक्त भेलामा उहाँले देशभक्तिको भावना राखी स्वयंसेवकहरू आफ्नो काम कर्तव्य गर्न जहिले पनि तयार रहनुपर्ने बताउनुभयो।

युवा सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाले युवाहरूले अन्याय अत्याचारको विरोध गर्नुपर्ने बताउनुभयो।

# हार्दिक समवेदना

**जन्म**
**१९९८/०५/०९**



**स्वर्गारोहण**
**२०८२/०९/०४**

हाम्रा पूजनीय माता/सासूआमा/हजुरआमा **कृष्णमाया प्रजापति**को दुःखद निधन भएको आज ४५ औं दिन (लत्या)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

| छोरी/ज्वाइँहरू | नाति/नातिनी/बुहारीहरू | नाति/नातिनी/बुहारीहरू | पनाति/पनातिनीहरू | पनाति/पनातिनीहरू |
|---|---|---|---|---|
| विष्णुकेशरी प्रजापति | राजेन्द्र/सावित्री प्रजापति | पल्पसा/किरण श्रेष्ठ | रीजा प्रजापति | रिडेन प्रजापति |
| लक्ष्मीकेशरी/काशीलाल प्रजापति | राजेश/रीता प्रजापति | प्रविन/सरूणा प्रजापति | रिशब प्रजापति | आयुश्री श्रेष्ठ |
| लक्ष्मीश्वरी प्रजापति | राधेश्याम/सर्मिला प्रजापति | प्रशान्त प्रजापति | रोजशा प्रजापति | शिवान्स प्रजापति |
| कान्छी/विष्णुसुन्दर प्रजापति | राज किरण/रम्बा प्रजापति | रविता/सुजन तुईतुई | रिहान प्रजापति | सम्रोद प्रजापति |
| नसलामैया/राम प्रजापति | पवन/सुमित्रा प्रजापति | प्रवेश प्रजापति | आरब प्रजापति | स्वप्निल तुईतुई |
| | प्रमिला/रूजेन प्रजापति | प्रतिमा प्रजापति | रिन्युज प्रजापति | रूविसा प्रजापति |
| | राज्यलक्ष्मी/समन चक्रधर | निमिता प्रजापति | निम्रोद प्रजापति | श्रीनिशा प्रजापति |
| | रामलक्ष्मी/विवेक प्रजापति | अनमोल प्रजापति | बिबिसा प्रजापति | रिवान्सी प्रजापति |
| | | | प्रतिष्ठा प्रजापति | |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा